१८ औँ
वार्षिक
साधारण सभा

१८औँ वार्षिक प्रतिवेदन

(आ.व. २०८२/०८३)

२०८३ असोज ४ गते, काठमाडौं

नेपाल टेलिकमका कर्मचारीहरूद्वारा सञ्चालित

धनसार बचत तथा ऋण सहकारी संस्था लिमिटेड

Dhansar Saving and Credit Cooperative Ltd.

का.म.पा.-११, भद्रकालीप्लाजा, काठमाडौं, फोन नं.: +९७७-१४७९१७२२

Email: dhansarsaccos@gmail.com, Website: www.dhansar.coop.np

दर्ता नं २६८ ०६४/६५ "नेपाल टेलिकमका कर्मचारीहरुद्वारा सञ्चालित"

धनसार
बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Dhansar Saving and Credit Cooperative Ltd.

स्थायी लेखा नं ६०२७८१९४

का म पा -११,
भद्रकालिप्लाजा, काठमाडौं,
टे न : ०१-४७९१७२२
Email: dhansarsaccos@gmail.com
Website: www.dhansarcoop.np

प.सं. ०८३/८४
च.नं. १४

मिति : २०८३/०५/०३

आदरणीय सेयर सदस्यज्यू,

विषय:<u>१८औं वार्षिक साधारण सभामा उपस्थिति सम्बन्धमा।</u>

सञ्चालक समितिको २०८३श्रावण २८ गते बसेको ३४१ औं बैठकको निर्णयानुसार निम्न मिति, समय र स्थानमा तपसिलमा उल्लिखित विषयहरुमा छलफल तथा निर्णय गर्ने कार्यसूचिसहित आयोजितसंस्थाको १८औं वार्षिक साधारण सभामा यहाँको समुपस्थितिका लागि सादर अनुरोध गरिन्छ ।

मिति	समय	स्थान
२०८३असोज ४ गते, आइतबार	बिहान ११:०० बजे	काठमाण्डौ ब्याङ्क्वेट, थापागाउँ, नयाँ बानेश्वर

<u>प्रस्तावहरु:</u>

क. सञ्चालक समितिका तर्फबाट आ.व. २०८२/८३ को अध्यक्षको वार्षिक प्रतिवेदन तथा आ.व. २०८३/८४ को वार्षिक कार्यक्रम प्रस्तुत, छलफल र पारित गर्ने ।

ख. कोषाध्यक्षबाट आ.व. २०८२/८३ को आर्थिक प्रतिवेदन र आ.व. २०८३/८४ को बजेट तथा कार्यक्रम प्रस्तुत, छलफल र पारित गर्ने ।

ग. आ.व. २०८२/८३ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत, छलफल र पारित गर्ने ।

घ. आ.व. २०८२/८३ को लेखापरीक्षण प्रतिवेदन प्रतिवेदन प्रस्तुत, छलफल र अनुमोदन गर्ने ।

ङ. आ.व. २०८२/८३ को लाभांश प्रस्ताव पारित गर्ने ।

च. आ.व. २०८३/८४ को लागि लेखापरीक्षक नियुक्ति र पारिश्रमिक तोक्ने ।

छ. साधारण सभाको निर्णयपुस्तिका प्रमाणित गर्न सेयर सदस्य प्रतिनिधिहरु मनोनयन गर्ने ।

ज. संस्थाको विनियम तथा कार्यविधिहरु सम्बन्धी प्रस्ताव प्रस्तुत, छलफल र पारित गर्ने ।

झ. विविध ।

आज्ञाले,
रोशन पाण्डे
(सचिव)

<u>पुनश्च:</u>

क. सभामा **२०८२ को SEE**परीक्षा उत्तिर्ण सेयर सदस्यका सन्ततीहरु **सम्पूर्ण**लाई **सम्मान** गरिने कार्यक्रम रहेकोले हुनाले मिति **२०८३/०५/२२** गतेभित्र संस्थामा प्रमाणपत्रहरुको प्रतिलिपि पेश गर्नुहुन अनुरोध छ ।

ख. वार्षिक प्रतिवेदनको डिजिटल प्रति संस्थाको Website:dhansar.coop.np, QR Code,आदिमा समेत उपलब्ध हुनेछ।

१८औँ वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षको वार्षिक प्रतिवेदन आर्थिक वर्ष २०८२/०८३

आदरणीय प्रमुख अतिथि, विशिष्ट अतिथि, सल्लाहकार समिति, लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरू, सञ्चालक समिति तथा विभिन्न उपसमितिका साथीहरू, राष्ट्रिय सहकारी अभियानका अगुवाहरू, यस धनसार बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सम्पूर्ण सेयर सदस्य महानुभावहरू तथा कर्मचारी मित्रहरू,

यस गरिमामय १८औँ वार्षिक साधारण सभामा उपस्थित भई संस्थालाई मार्गनिर्देशन गरिदिनुहुने यहाँहरू सम्पूर्णमा सञ्चालक समिति र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा न्यानो सहकारी अभिवादन व्यक्त गर्दछु।

पृष्ठभूमि र वर्तमान आर्थिक परिदृश्य:

हाम्रो यो संस्था सदस्यहरू बीचमा "एकका लागि सबै र सबैका लागि एक" भन्ने मूल मन्त्रका साथ सहकार्यमा आवद्ध भई मिति २०६४/०२/३० मा नेपाल टेलिकमका कर्मचारीहरू मात्र सदस्य रहने गरी तत्कालिन अवस्थामा ४३ जना संस्थापक सदस्य र जम्मा रु.२,१५,०००।– सेयर पुँजी सहित काठमाडौँ सहकारी डिभिजनमा दर्ता भई स्थापना भएको पेशागत सहकारी संस्था हो। तत्कालिन अवस्थामा नेपाल टेलिकमभित्र रहेका विभिन्न हित कोषहरू र तिनका सदस्यलाई समेत एकत्रित गर्दै र नयाँ भर्ना भएका कर्मचारीहरूलाई सेयर सदस्य बनाउँदै संस्था आजको अवस्थासम्म आइपुगेको कुरा स्मरण गर्न चाहन्छु।

यस बीचका अवधिमा प्राकृतिक विपत्ती तथा महामारी, सामाजिक, आर्थिक उतारचढाव सँगसँगै आर्थिक वर्ष २०८२/०८३ मा देशमा देखिएको सामजिक राजनीतिक उथलपुथल र विश्वव्यापी तथा राष्ट्रिय अर्थतन्त्रमा देखिएका उतारचढाव, सहकारीप्रति बनेको नकारात्मक धारणा, लगानीमा आएको कमी एवं वित्तीय बजारको तरलता स्थितिबीच पनि हामीले संयमित र सुरक्षित तवरले संस्था सञ्चालन गरेका छौं र संस्थामा आवद्ध सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका लागि हामी निरन्तर क्रियाशील छौँ। यसरी सहकारीको सिद्धान्त, मूल्य र मान्यतालाई शिरोधार्य गर्दै नीति, विधि र प्रविधिको प्रयोग गर्दै सदस्यहरूको बचतको सुरक्षा र न्यायोचित व्यावसायिक लगानीमा हामी सदैव सचेत रहेको कुरा यहाँहरू समक्ष निवेदन गर्न चाहन्छौं।

आर्थिक तथा संस्थागत प्रगति समीक्षा:

यस आर्थिक वर्षमा संस्थाका गतिविधि र हासिल गरेका मुख्य गतिविधि तथा वित्तीय उपलब्धिहरू निम्न बमोजिम रहेका छन्:

सदस्यता र सेयर पुँजी:

यस आ.व. को अन्त्यसम्ममा संस्थाको कुल सदस्य संख्या ११३१ र कुल सेयर पुँजी रु. १,२१,१२,००० पुगेको छ।

बचत परिचालन:

सदस्य महानुभावहरूको अटुट विश्वासका कारण यस वर्ष कुल बचत संकलन रु. १३,१६,६४,०७७।- पुगेको छ, जुन गत वर्षको तुलनामा ८% ले वृद्धि हो।

सदस्यहरूद्वारा हुने नियमित बचत सहकारी मापदण्ड र निर्देशन अनुसार अनिवार्य भएको छ, यस्तो बचत सदस्यहरूको भविष्यको लागि सञ्चित रकम हो। सहकारी भनेको सदस्यहरूको सहकार्य हो। त्यसर्थ सदस्यहरूले नियमित रुपमा गर्ने बचत भनेको संस्था सञ्चालनको मेरुदण्ड पनि हो। यस्तो बचत हाम्रो संस्थाको बचत परिचालन सम्बन्धी कार्यविधी अनुसार हरेक महिना न्युनतम रु. ५०० र रु. १,००० ले संकलन हुँदै आएको छ। गत: वर्षदेखि सहकारी नियमन प्राधिकरणको निर्देशन अनुसार नियमित बचत विशेष अवस्थामा बाहेक बीचबीचमा झिक्न नपाइने व्यवस्था लागू भैरहेको र यसमा कतिपय सदस्यहरूको गुनासो आइरहेको विषयलाई मध्यनजर गरी नियमित बचतस्वरुप संकलन हुने १,००० रुपैयाँलाई सदस्यको इच्छा अनुरुप नै ५०० रुपैयाँ नियमित र बाँकी रकम साधारण बचतमा जम्मा गरी आफूलाई चाहिएको जुनसुकै बेला रकम झिक्न र राख्न सकिने व्यवस्था गरिएको कुरा पनि प्रष्ट पार्न चाहन्छु।

ऋण लगानी तथा असुली:

सदस्यहरूको व्यावसायिक तथा घरायसी आवश्यकता पूरा गर्न यस वर्ष कुल रु. १२,१८,६१,५३९ ऋण प्रवाह गरिएको छ। गत वर्षको तुलनामा यस वर्ष करिव ७% ले ऋण लगानीमा कमी आएको छ भने आर्थिक वर्षको अन्तमा तरलता ३७.७३% रहेको छ। त्यस्तै ऋण असुलीमा पनि कतिपय सदस्यहरूबाट नियमितता हुन नसकेको कारण यस वर्ष ऋण जोखिम व्यवस्था (Loan Loss Provision) मा रु. ८,३७,५६७ थप भार बढ्न गई कुल रु.५६,२४,८३२.२२ पुगेको छ। सदस्यहरूले आफूले लिएको ऋणको ब्याज तथा किस्ता नियमितरुपमा बुझाउनुभएमा उक्त रकम Write Back गर्न मिल्ने र संस्थाको खुद बचत तथा मुनाफा थप बढ्न जादा सेयर सदस्यज्युहरूले प्राप्त गर्ने प्रतिफल पनि बढ्ने निश्चित भएको तथा ऋणी सेयर सदस्य स्वयंले समेत संरक्षित पुँजी फिर्ता कोषको रकम प्राप्त गर्न योग्य हुने हुँदा आगामी दिनमा सबै सदस्य महानुभावहरूले आफूले लिएको ऋणको ब्याज तथा किस्ता रकम नियमित बुझाउनुहुन समेत अनुरोध गर्दछौँ।

खुद नाफा लाभांश र कोषहरूको अवस्था:

यस वर्षको कुल कारोवार रकम रु. १७,१९,३४,२३५ पुगेको छ। संस्थाको कुल आम्दानी रु. १,४२,९९,४५० बाट ब्याज खर्च, सञ्चालन खर्च, ऋण जोखिम खर्च र आयकर समेत कटाई खुद बचत (नाफा) रु.३६,६७,६८६।- भएको छ, जुन गत वर्षको तुलनामा १६.६०% कम रहेको छ। यसको मुख्य कारणमा ऋण लगानीमा कमी, स्प्रेड दर ४.२% (ऋणको ब्याजदर उल्लेखनीय घटेको र ऋणको तुलनामा बचतमा प्रदान गरिएको ब्याजदर कम घट्नु) रहेको छ।

उल्लिखित अनुसारको खुद बचत तथा नाफाको अवस्थालाई दृस्टिगत गरी यस वर्ष ११% लाभांश दिन सक्ने क्षमता देखिएकोले २०८३ आषाढ मसान्त सम्मका सदस्यहरूलाई ११% का दरले लाभांश वितरण गर्न प्रस्ताव गरिएको छ।

आ.व. २०८२/०८३ मा संस्थाको जगेडा कोष थप सुदृढ भइ रु. १,५४,४९,८३५ पुगेको र अन्य कोषहरूमा रु. ८९,११,५५३ जम्मा भएको छ।

संस्थागत सुशासन र सञ्चालनः

संस्था सञ्चालनको विषयमा नेपाल सरकारको सहकारी सम्बन्धी मन्त्रालय, विभाग र सहकारी नियमन प्राधिकरणको मापदण्ड र निर्देशन अनुसार संस्थागत सुशासन कायम हुनेगरी कार्य सञ्चालन गर्दै आइरहेको छौं। यसै सन्दर्भमा हाम्रो संस्था सहकारी नियमन प्राधिकरणमा मिति २०८२/११/२८ मा दर्ता भैसकेको (इजाजत पत्र न. २०६५-००६१४) छ भने संस्थाको विनियम र विभिन्न कार्यविधिहरूको तर्जुमा गरी समयानुकूल अद्यावधिक गरिएको पनि जानकारी गराउन चाहन्छु।

सम्पत्ति शुद्धीकरणको विषयमा संस्थाको तर्फबाट सबै सदस्यहरूको KYM अद्यावधिक भइरहेको छ। KYM अद्यावधिक गर्न बाँकी रहेका सदस्य महानुभावहरूले पनि यथाशिघ्र KYM अद्यावधिक गर्न अनुरोध गर्दै KYM अद्यावधिक नभएका र लामो समयदेखि नियमित बचत जम्मा नगर्नुभएका सदस्यहरूको सदस्यता निष्क्रिय रहने कुरा पनि यस साधारण सभामा जानकारी गराउन चाहन्छु।

त्यस्तै, सम्पत्ति शुद्धीकरण ऐन र तत् सम्बन्धी निर्देशिका अनुरुप संस्था CoPoMIS र GoAML मा दर्ता गरी कारोवारको नियमित रिपोर्टिङ गर्न आवश्यक व्यवस्था मिलाईएको छ।

संस्थाको कारोबारलाई व्यवस्थित, सुरक्षित, पारदर्शी, विश्वसनीय र अद्यावधिक गर्न Easysoft को Acounting Software (Cloud-Based) मार्फत लेखा हिसाब राख्दै आइएको छ। त्यस्तै सदस्यहरूको आफ्नो हिसाब (सेयर, बचत र ऋण) सम्बन्धी जानकारीको लागि धनसार Mobile App पनि सञ्चालनमा रहेको छ।

आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन लेखा सुपरिवेक्षण समितिको सुझावहरूलाई पूर्णरुपमा पालना गर्दै संस्थागत सुशासनलाई उच्च प्राथमिकता दिइएको छ।

जनशक्ती व्यवस्था र क्षमता विकासः

संस्थाको कारोबार व्यवस्थित रुपमा सञ्चालन गर्न गराउन विगतदेखि नै २ जनालाई फिल्डमा नगद संकलनको काम सहित ४ जना कर्मचारीहरूबाट कार्य सञ्चालन हुँदै आइरहेका छ।

दक्षता अभिवृद्धिका लागि सहकारी शिक्षा, वित्तीय साक्षरता र विभिन्न क्षमता विकास सम्बन्धी तालिमहरूमा संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिका पदाधिकारी, सदस्यहरू र व्यवस्थापक एवं कर्मचारीलाई विभिन्न तालिमहरूमा सहभागी गराउदै आइएको छ। त्यस्ता विभिन्न तालिमहरूमध्ये External र Internal दुवैमा आवश्यकता अनुसार सहभागी गराउदै लगिएको छ।

विभिन्न सहकारीको असल अभ्यास जान्ने बुझ्ने र सिक्ने क्रमलाई निरन्तरता दिदै यस वर्ष पनि सहकारी भ्रमणको क्रममा मिति २०८३/०१/२६ देखि २८ सम्म अध्ययन अवलोकन भ्रमण कार्यक्रम राखिएको थियो, उक्त कार्यक्रममा सञ्चालक, सदस्यहरू समेत ४६ जना सहभागीहरूले पोखराको रोयल सहकारी बचत तथा ऋण सहकारी संस्थाको अध्ययन अवलोकन गरिएको थियो भने कास्की, बाग्लुङ तथा पर्वतका धार्मिक एवं पर्यटकीय स्थलहरूको समेत भ्रमण गराइएको थियो।

सामाजिक उत्तरदायित्व :

संस्थाको वार्षिकोत्सव (जेठ ३० गते) को अवसरमा सदाझैँ यस वर्ष पनि संस्थाको सामुदायिक विकास कोषबाट काठमाडौँ रानिवनस्थित मानव सेवा आश्रममा रहेका करिव २९० जना असहाय, वृद्ध बृद्धालाई भोजन गराउन संस्थाको तर्फबाट रु.३०,०००।- आर्थिक सहयोग उपलब्ध गराइएको थियो भने संस्थाका सञ्चालक एवं अन्य सहभागी सदस्यहरूको तर्फबाट समेत गरी करिव ७५ हजार धनराशी आर्थिक सहयोग गरिएको थियो।

कल्याणकारी कोष:

संस्थामा पहिलेदेखि नै सदस्यहरूको हितका लागि कल्याणकारी कोषको अवधारणा अगाडि बढाइएकोमा २०७२ को भुकम्पमा पीडित सदस्यहरूलाई यथासक्य राहत वितरण गरिएको स्मरण गर्दै तत्पश्चात कोषमा रकम अभाव भएको सन्दर्भमा उक्त कोषलाई व्यवस्थित र सुदृढ गर्न संस्थाको कार्यविधि बनाई नयाँ सदस्य बनाउदा र ऋण प्रदान गर्दा निश्चित रकम लिने व्यवस्था साथै कतिपय बचत भएका रकम समेत स्थानान्तरण गरी उक्त कोषमा हालसम्म रु. २२,६०,७१६ जम्मा भएको जानकारी गराउन चाहन्छु।

यस वर्ष संस्थाका सेयर सदस्य श्री सुशीलदाश मानन्धर, सेयर सदस्य श्री सर्जुकुमार श्रेष्ठ र सेयर सदस्य श्री मनोज लम्सालकी धर्मपत्नी श्रीमती सविता आचार्य लम्सालको असामयिक निधन हुन पुगेकोमा गहिरो दु:ख व्यक्त गर्दै उहाँहरूप्रति भावपूर्ण श्रद्दाञ्जली एवं परिवार तथा आफन्तजनहरूमा हार्दिक समवेदना प्रकट गर्दछौं। यस्तो दु:खद घडिमा सदस्य र सदस्यका परिवारमा थोरै भएपनि राहत सहयोग पुगोस् तथा संस्था सदस्यहरूको दु:ख सुखमा सँगै छ भन्ने सन्देश दिन कल्याणकारी कार्यविधिको व्यवस्था अनुसार कल्याणकारी कोषमार्फत समवेदना पत्रसहित कृया खर्च उपलब्ध गराइएको छ। त्यस्तै यस संस्थाका सदस्य श्री अनु कपाली क्यान्सर रोग लागि लामो समयदेखि उपचाररत रहनुभएकोमा उहाँलाई पनि संस्थाको कल्याणकारी कार्यविधी अनुरुप आर्थिक सहयोग गरिएको छ।

विगत वर्षदेखि नै सदस्यहरूका SEE उत्तीर्ण सन्ततीहरूमध्ये सर्वोत्कृष्ट अंक ल्याउने छात्र र छात्रालाई नगद पुरस्कारसहित SEE सम्मान/कदर पत्रद्वारा सम्मानित गर्ने कार्यक्रम पनि यसै कल्याणकारी कोषमार्फत् गरिँदै आएको छ।

आगामी आर्थिक वर्ष २०८३/८४ का लक्ष्य कार्यक्रम तथा रणनीतिहरू

सदस्यता विस्तार:

आगामी दिनमा संस्थाको गुणस्तरीय सदस्यतामा ध्यान दिदै सदस्यता विस्तार गर्न बृहत् कार्यक्रम अगाडि बढाइनेछ। आगामी वर्ष कम्तिमा १०० जना नयाँ सदस्य थप गर्ने गरी पहिलो चरणमा काठमाडौँ उपत्यकामा केन्द्रित हुने र दोस्रो चरणमा प्रादेशिकस्तरमा समेत विस्तार गर्ने योजना बनाइएको छ।

वित्तीय कारोवार र नाफा:

संस्थाको ब्याजदरलाई प्रतिस्पर्धात्मक र सन्तुलित बनाउँदै वित्तीय कारोवार र आम्दानी बढाउने, खर्चमा मितव्ययिता अपनाउने नीतिका साथ सेयर सदस्यहरूलाई अधिकतम प्रतिफल दिने गरी मुनाफा/खुद बचत वृद्धि गर्न ध्यान दिइनेछ।

सुरक्षित लगानीसहित ऋण विस्तार:

सदस्यहरूको सेयर एवं बचत रकम नै सेयर सदस्यहरूलाई ऋण लगानी गरिने भएकोले सुरक्षित लगानीलाई उच्चतम प्राथमिकतामा राख्ने नीति लिइएको छ।

ऋण लगानी गर्दा ऋण माग गर्ने सदस्यको बचत तथा ऋण भुक्तानीको नियमितता, आर्थिक अनुशासन/क्षमता, धितोको गुणस्तर, व्यापार-व्यवसायको मूल्यांकन गरी न्यून जोखिम हुने गरी ऋण लगानी गर्ने नीति अपनाइनेछ।

सदस्यहरूलाई विभिन्न उध्यम र व्यवसायतर्फ उत्प्रेरित गर्न र बढीभन्दा बढी उत्पादनमूलक ऋण विस्तार गर्नमा जोड दिइनेछ।

उत्पादनमूलक ऋण लगानीको लागि संस्थाका सदस्यहरूलाई उध्यम र व्यवसायप्रति आकर्षित गर्न, आवश्यक सीप कौशलको लागि तालिम उपलब्ध गराउने, उपयुक्त व्यावसायिक कार्य योजनामा सहुलियतपुर्ण ब्याज, ऋण भुक्तानीमा आवश्यक समयावधी निर्धारण सहित ऋण उपलब्ध गराउने नीति लिइनेछ।

त्यस्तै सदस्य स्वयं वा परिवारबाट सञ्चालित व्यापार व्यवसायको लागि पनि निस्चित मापदण्ड र प्रक्रिया निर्धारण गरी उध्यमी व्यवसायिक ऋण उपलब्ध गराइनेछ।

ऋण लगानी तथा असुलीमा प्रभावकारिता ल्याउन संस्थालाई ऋण सुरक्षण केन्द्रसङ्ग आवद्ध गरिनेछ।

प्रविधिमा स्तरोन्नति:

सदस्यहरूको सेवा पहुँचमा सहजता बनाउन संस्थाको Website लाई अद्यावधिक गरी प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। Website मार्फत Online सदस्यता आवेदन, ऋणको आवेदन दिन मिल्ने व्यवस्था मिलाइनेछ।

धनसार mobile app मार्फत सदस्यले आफ्नो सेयर, बचत, ऋण हिसाबको जानकारी सँगसँगै अनलाईन भुक्तानी समेत गर्न पाउने व्यवस्था मिलाइनेछ।

सदस्यहरूले नियमित रुपमा नगद जम्मा गर्दा वा झिक्दा, ब्याजदर परिवर्तन हुँदा, बुझाउनुपर्ने बचत, ऋणको ब्याज तथा किस्ताको जानकारी गराउन रजिस्टर्ड मोबाइलमा SMS Alert को व्यवस्था गरिनेछ, र यस्तो सेवा उपलब्ध गराउँदा लागतको आधारमा न्यूनतम वार्षिक रू. ५० शुल्क लगाउन प्रस्ताव गर्दछु।

सदस्य कल्याणकारी योजना सदस्यहरूको हितका लागि स्थापित सदस्य हित कोषमार्फत सदस्य र परिवारका लागि आवश्यक स्वास्थ्य, शिक्षा, बिमा तथा अन्य कल्याणकारी कार्यक्रमहरूलाई थप व्यवस्थित र विस्तारित गर्दै लगिनेछ।

संस्थाको कल्याणकारी कोषलाई थप सुदृढ बनाउन सबै सेयर सदस्यहरूबाट वार्षिक रु. २००।-, नयाँ बन्ने सदस्यहरूबाट रु. ५००।-, ऋण लगानीमा रू. १ लाखसम्म रू. १००।-, ५ लाखसम्म रू. २००, १० लाखसम्म रू. ३००।-, २० लाखसम्म रू. ४०० र सोभन्दा माथिको ऋण लगानीमा रू. ५००।- कल्याणकारी शुल्क लगाउन प्रस्ताव गरेको छु।

चुनौती र अवसरहरू:

राष्ट्रिय आर्थिक शिथिलताका कारण बजारमा ऋणको माग र असुलीमा सन्तुलन मिलाउनु मुख्य चुनौती रहेको छ । सहकारी क्षेत्रमा देखिएका समस्याहरूको समाधानार्थ पछिल्लो समयमा नियामक निकायका परिवर्तित नीतिले व्यवस्थापनमा सामञ्जस्यता कायम गर्न, महानगरमा कार्यालय रहेका कारणले मात्र बढी कर (२०%) तिर्नुपर्ने कुरा सङ्गसङ्गै सहकारीको मुल मर्म स्वनियमन कमजोर हुने हो कि भन्ने स्थिती आफैमा एक किसिमको चुनौती हो ।

सहकारी क्षेत्रमा देखिएका समस्या र केही नकारात्मक हल्लाहरूका बीच पनि हाम्रा आदरणीय सेयर सदस्यहरूको अटुट विश्वास कायम राख्नु हाम्रो प्रमुख सफलता र चुनौती दुवै हो भन्ने हाम्रो ठम्याइ रहेको छ ।

यी यावत चुनौती र अप्ठेरो हुँदा हुँदै पनि हामीले नियामक निकायका निर्देशन र मापदण्ड अनुसार संस्था सञ्चालन गर्दै आएका छौं । अप्ठेरो घडीमा आफूलाई अब्बल साबित गरेपछि नै संस्था दीर्घकालीन र सबल रुपमा अगाडि बढ्दै जानेमा हामी विश्वस्त छौं ।

अन्त्यमा,

संस्थालाई यो उचाइसम्म पुर्‍याउन निरन्तर बचत तथा ऋणको कारोबार गरी विश्वास देखाउनुहुने सम्पूर्ण सेयरधनी महानुभावहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

हामीलाई सहि बाटो देखाउने सल्लाहकार समिति, निष्पक्ष नियमन गर्ने लेखा सुपरिवेक्षण समिति, मार्गनिर्देशन गर्ने नियामक निकायहरू र दिनरात संस्थाको हितमा खटिने व्यवस्थापन तथा कर्मचारी साथीहरूलाई सञ्चालक समितिको तर्फबाट धन्यवाद व्यक्त गर्दछु ।

यहाँहरूका अमूल्य सल्लाह, सुझाव र रचनात्मक आलोचना हाम्रा लागि मार्गदर्शन हुनेछन् । धन्यवाद ।

जय सहकारी ! जय धनसार !!

.....

टंकलाल श्रेष्ठ

(अध्यक्ष)

सञ्चालक समितिको तर्फबाट

धनसार बचत तथा ऋण सहकारी संस्था लि.

नेपाल टेलिकमका कर्मचारीहरूद्वारा सञ्चालित
धनसार बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Dhansar Saving and Credit Cooperatives Ltd.
का.म.पा.-११, भद्रकालीप्लाजा, काठमाडौं

लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन
(आ.व. २०८२/०८३)

गरिमामय १८औँ वार्षिक साधारण सभाका सभाध्यक्ष संस्थाका अध्यक्षज्यू, प्रमुख अतिथीज्यू, विशेष अतिथि तथा अतिथिज्यूहरू, सञ्चालक समिति, उपसमितिका संयोजक लगायत पदाधिकारीज्यूहरू, संस्थालाई अनवरत रुपमा माया गर्नुहुने तमाम सेयर सदस्य महानुभावहरू, संस्थामा कर्तव्यनिष्ठ भई सेवा गर्नुहुने कर्मचारी परिवार, शुभेच्छुक शुभचिन्तकहरूमा लेखा सुपरिवेक्षण समिति र मेरो व्यक्तिगततर्फबाट सहकारी अभिवादन व्यक्त गर्दछौं।

यस धनसार बचत तथा ऋण सहकारी संस्था लि. को वार्षिक साधारण सभाको सु-अवसरमा संस्थाको आर्थिक वर्ष २०८२/०८३ को लेखा समितिको तर्फबाट संस्थाका विवरण अध्ययन गरी सोसँग सम्बन्धित प्रतिवेदन यस गरिमामय साधारण सभामा प्रस्तुत गर्दछौं।

१. अघिल्लो साधारण सभाको निर्णय कार्यान्वयनको अवस्था :

संस्थाको हित र उन्नतिमा योगदान पुऱ्याउने खालको विगत देखि कार्यान्वयन हुँदै आएका साधारण सभाका निर्णयहरू यस वर्षमा पनि कार्यान्वयन भई रहेका छन्। हाल विद्यमान सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति २०८२ पौष १२ देखि निरन्तर कार्यरत रहेको छ।

२. यस अवधिको सञ्चालक समितिको बैठक सङ्ख्या र कार्यान्वयनको अवस्था :

२.१. आ.व. २०८२/०८३ को अवधिमा बसेका सञ्चालक समितिको बैठक सङ्ख्या: बैठक नं. ३२६ देखि ३४० सम्म जम्मा १५ वटा बैठक।

२.२. बैठकका मुख्य निर्णयहरू र कार्यान्वयनको अवस्था :

सि.नं	बैठक नं.	बैठक मिति	निर्णयहरूको मुख्य विषयवस्तु	कार्यान्वयनको अवस्था
१	३२६	२०८२/०४/१६	ऋण लगानी अनुमोदन, ऋण लगानीको लागि स्वीकृति, सेयर सदस्यहरूले दिनुभएको राजीनामा स्वीकृति, संस्थाको आ.व,२०८१/८२ को वित्तीय विवरण तथा संस्थाको कार्यालय स्थानान्तरण र विविध।	कार्यान्वयन भएको।

सि.नं	बैठक नं.	बैठक मिति	निर्णयहरूको मुख्य विषयवस्तु	कार्यान्वयनको अवस्था
२	३२७	२०८२/०५/२०	ऋण लगानी अनुमोदन, नयाँ सदस्यता अनुमोदन, सेयर सदस्यहरूले दिनुभएको राजीनामा स्वीकृति, संस्थाको कार्यालय स्थानान्तरण खर्च अनुमोदन, Software सम्बन्धमा, संस्थाको विनियम तथा कार्यविधि संसोधान, संस्थाको आ.व.२०८१/८२ को अन्तिम लेखा परीक्षण सम्बन्धमा, संस्थाको कार्यालयको कोठा भाडामा दिने सम्बन्धमा र विविध।	कार्यान्वयन भएको।
३	३२८	२०८२/०६/२८	ऋण लगानी अनुमोदन, ऋण लगानीको लागि स्वीकृति, नयाँ सेयर सदस्यता अनुमोदन, सेयर सदस्यहरूले दिनुभएको राजीनामा स्वीकृति, संस्थाको आ.व.२०८१/८२ को अन्तिम लेखा परीक्षण सम्बन्धमा, संस्थाको १७औँ वार्षिक साधारण सभाको तयारी सम्बन्धमा, संस्थाको दर्ता तथा विवरण अद्यावधिक सम्बन्धमा, संस्थाको कार्यालयको कोठा भाडामा दिने निर्णय अनुमोदन सम्बन्धमा र विविध (कर्मचारीको पारिश्रमिक वृद्धि)।	कार्यान्वयन भएको।
४	३२९	२०८२/०७/१९	ऋण लगानी अनुमोदन, ऋण लगानी स्वीकृति, सेयर सदस्यको राजिनामा, संस्थाको वित्तीय विवरण तथा ऋण असुली, संस्थाको राष्ट्रिय सहकारी नियमन प्राधिकरण र का.म.पा. बड़ा नं ११ मा दर्ता एवं विवरण अपडेटको प्रगति, विनियम तथा कार्थविधिहरू संशोधनको छलफल बैठक/अन्तरक्रिया कार्यक्रम, संस्थाको विनियम, २०६४ को संशोधन सहितको एकिकृत विनियम, २०८२ को पूर्वस्वीकृति र विविध।	कार्यान्वयन भएको।
५	३३०	२०८२/०८/२४	ऋण लगानी अनुमोदन, ऋण लगानी स्वीकृति, नंया सेयर सदस्यता, संस्थाको वित्तीय विवरण, ऋण असुली, लेखापरीक्षण तथा लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन, कार्यशाला गोष्ठीको समिक्षा, संस्थाको दर्ता तथा विवरण अपडेट प्रगति, संस्थाको १७ औ वार्षिक साधारण सभा, बजार प्रतिनिधि श्री दिनेश अधिकारीको राजिनामा स्वीकृत, स्थिरीकरण तथा सहकारी प्रवर्धन कोषमा रकम जम्मा गर्ने, संस्थाको आ.व. २०८१/८२ को लेखापरीक्षक र विविध अन्तर्गत क. राष्ट्रिय सहकारी बैंकको वार्षिक साधारण सभाको लागि प्रतिनिधि सम्बन्धमा तथा ख. NEFSCUN को SCAN कार्यक्रममा आवद्धता सम्बन्धमा।	कार्यान्वयन भएको।

सि.नं	बैठक नं.	बैठक मिति	निर्णयहरूको मुख्य विषयवस्तु	कार्यान्वयनको अवस्था
६	३३१	२०८२/०९/०६	ऋण लगानी अनुमोदन, ऋण लगानी स्वीकृति, नयाँ सेयर सदस्यता, संस्थाको वित्तीय विवरण, ऋण असुली तथा लेखा सुपरिवेक्षण समितिको आ.व. २०८२/०८३ को पहिलो त्रेमासिक प्रतिवेदन, आ.व. २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन, १७ औँ वार्षिक साधारण सभामा प्रस्तुत गरिने अध्यक्ष, कोपाध्यक्ष लगायतको प्रतिवेदन अनुमोदन, संस्थाको १७ औ वार्षिक साधारण सभाको तयारी तथा विविध अन्तर्गत क. कर्मचारी नियुक्ति, ख. उपदान कोपमा जम्मा भएको रकम उपलब्ध गराउने सम्बन्ध र ग. सेयर सदस्यता वितरण स्थगन।	कार्यान्वयन भएको।
७	३३२	२०८२/०९/१४	१७ औँ वार्षिक साधारण सभाको समिक्षा, १७ औँ साधारण सभा पश्चात नियमनकारी निकायमा संस्थाको विवरण अध्यावधिक गर्ने, लाभांश वितरण, संरक्षित पूंजी फिर्ता कोषको रकम बाडफाड़, कर्मचारी बोनश, सल्लाहकारको नियुक्ति, प्रशिक्षण कार्यक्रम, उप समिती गठन तथा जिम्मेवारी र विविध।	कार्यान्वयन भएको।
८	३३३ (भर्चुअल)	२०८२/०९/३०	ब्याजदर पुनरावलोकन तथा विविध	कार्यान्वयन भएको।
९	३३४		ऋण लगानी अनुमोदन, नयाँ सदस्य थप , राजिनामा, रकम झिक्न मिल्ने ब्यवस्था, सेयर ऋण, प्रशिक्षण कार्यक्रम, उप समितीको विस्तार र विविध अन्तर्गत दोश्रो राष्ट्रिय सहकारी युवा तथा प्रविधि सम्मेलनमा सहभागिता, ऋण सूचना केन्द्र लिमिटेडमा संस्थाको सदस्यता दर्ता, Professional Cooperative Account Course मा सहभागिता र समवेदना ।	कार्यान्वयन भएको।
१०	३३५	२०८२/१२/०१	ऋण लगानी अनुमोदन तथा स्वीकृति , नयाँ सदस्य थप, राजिनामा स्वीकृती, ऋण असुली, अर्ध वार्षिक समिक्षा र विविध।	कार्यान्वयन भएको।
११	३३६ (भर्चुअल)	२०८२/१२/२३	कार्यालय सञ्चालन समय सम्बन्धमा र विविध।	कार्यान्वयन भएको।

सि.नं	बैठक नं.	बैठक मिति	निर्णयहरूको मुख्य विषयवस्तु	कार्यान्वयनको अवस्था
१२	३३७	२०८३/०१/०३	ऋण लगानी अनुमोदन तथा स्वीकृती, नयाँ सदस्यता, राजिनामा स्वीकृति, ऋण असुली, सहकारी अध्ययन भ्रमण, ब्याज पुनरावलोकन, आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति, कार्यकम तथा बजेट सम्बन्धमा, विविध	कार्यान्वयन भएको।
१३	३३८	२०८३/०२/०८	ऋण लगानी अनुमोदन तथा स्वीकृती, नयाँ सदस्य, राजिनामा स्वीकृति, ऋण असुली, COOP Study Visit को समिक्षा, ऋण कार्यविधि, वार्षिकोत्सव कार्यक्रम, कार्यालय सञ्चालन समय र विविध।	कार्यान्वयन भएको।
१४	३३९	२०८३/०२/२५	ऋण लगानी अनुमोदन तथा स्वीकृति, नयाँ सदस्य थप, राजिनामा स्वीकृती, ऋण असुली, आ.व. २०८३/८४ को वार्षिक निति, कार्यकम तथा बजेट, संस्थाको वार्षिकोत्सवको अवसरमा सम्पन्न गरिने कार्यक्रम र विविध।	कार्यान्वयन भएको।
१५	३४०	२०८३/०३/३०	ऋण लगानी अनुमोदन तथा स्वीकृति, नयाँ सदस्य थप, राजिनामा स्वीकृती, ऋण असुली खराब तथा शंकास्पद ऋणको समीक्षा, आ.व. २०८२.८३ को अन्तिम वित्तीय अवस्थाको समीक्षा, ब्याजदर पुनरावलोकन, तलब वृद्धि, सामूहिक जमानी ऋण र विविध।	कार्यान्वयन भएको।

४. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरूको पालना सम्बन्धी विवरणहरू :

सेयर सदस्यहरूको हित र संस्थाको कामको प्रकृतिसँङ्ग मिल्नेसम्मका मापदण्डहरूलाई अधिकतम रूपमा ध्यान दिँदै यस अवधिमा सहकारी विभागबाट प्राप्त निर्देशनहरूको पालना गर्दै कार्य गरिरहेको पाइयो। साथै, मापदण्ड बमोजिम मासिक/त्रैमासिक ब्याज दर निर्धारण गर्नु पर्ने व्यवस्था अनुसार ब्याजदर लागू भएको देखियो।

५. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिएको प्रतिवेदन अनुसारको निर्देशन तथा सुझावहरू सम्बन्धी विवरण : प्राप्त निर्देशन तथा सुझावहरू कार्यान्वयन गरिएको पाइयो।

६. पदाधिकारीहरूको पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरूको विवरण :

सञ्चालक समिति,लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरू तथा विभिन्न उपसमितिका पदाधिकारीहरूलाई कुनै किसिमको पारिश्रमिक सुविधा उपलब्ध गराईएको पाइएन।

सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको बैठक बसेको दिन बैठकमा आउन जानको लागि यातायात खर्च स्वरूप प्रति सदस्य रु १५००.०० मा नियमानुसार कर कट्टी गरी उपलब्ध गराउने गरेको साथै अन्य उपसमितिको हकमा बैठक बसेको दिनमा आउन जानको लागि यातायात खर्च स्वरूप प्रति सदस्य रु १०००.०० मा नियमानुसार आयकर कट्टी गरी उपलब्ध गराउने गरेको पाइयो।

६.१. पारिश्रमिक:

कर्मचारीहरूलाई समय सापेक्ष आर्थिक सुविधाहरू वृद्धि गर्दै जाने नीति अनुरूप सञ्चालक समितिबाट निर्णय गरी तलब भत्ता र सुविधाहरू उपलब्ध गराउने तथा नियमानुसार सामाजिक सुरक्षा कोष कट्टा गरी भुक्तानी दिने गरेको देखिएको ।

७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरू :

७.१. साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी कार्यविधि भए, नभएको :

कर्मचारी प्रशासन नियमावली २०७३ पारित गरी मिति २०७३/०६/०८ गते देखि कार्यान्वयनमा रहेको र राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन २०८२ अनुसार १७औँ वार्षिक साधारण सभाबाट परिमार्जित कर्मचारी सेवा कार्यविधि २०८२ स्वीकृत गरी कार्यान्वयनमा रहेको।

७.२. भर्ना प्रक्रिया पारदर्शी र प्रतिस्पर्धा भए, नभएको :

स्थायी भर्नाको लागि खुल्ला प्रतिस्पर्धाबाट सार्वजनिक सूचना प्रकाशित गरी, तोकिएको समय भित्र आवेदन फाराम बुझाउनेहरू मध्येबाट छनौट गर्नको लागि सञ्चालक समितिबाट कर्मचारी छनौट समिति बनाई कर्मचारी छनौट गरेको पाइयो।

७.३. कार्यरत कर्मचारीहरू र कार्य बोझ बिचमा तारतम्य रहेको, नरहेको :

कर्मचारीहरू र कार्य बोझ बिच तारतम्य रहेको पाइयो।

७.४. कर्मचारी भर्ना प्रक्रिया र सङ्ख्या :

सँस्थामा कर्मचारी सेवा कार्यविधि बमोजिम नियुक्त भएका ४ जना कर्मचारी कार्यरत रहेको।

८. लेखा सुपरिवेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरू तथा सुझावहरू:

लेखा सुपरिवेक्षण समितिका सदस्यहरूले संस्थाको कार्यालयमा उपस्थित भई सहकारी ऐन नियमहरूको अध्ययन, संस्थाको सञ्चालक समितिको निर्णय पुस्तिका, नगदी किताब, भौचरहरू, सन्तुलन परीक्षण, आ.व.२०८२/०८३ को अनुमानित बजेट, ऋण लगानी विवरणहरू, बचत विवरणहरू, बैङ्क मौज्दात विवरणहरू, लेजर लगायत आवश्यक कागजातहरू परीक्षण गर्नुका साथै संस्थाका कर्मचारी तथा समितिका पदाधिकारीहरूसंगको मौखिक जानकारी समेतको आधारमा आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन तयार गरिएको छ।

८.१. लेखा सुपरिवेक्षण समितिले विगत मा दिएका मुख्य सुझावहरूको कार्यान्वयनको अवस्था

क्र.सं.	सुझाव	कार्यान्वयनको अवस्था
१	नियामक निकायहरूको निर्देशन अनुसार सम्पूर्ण सदस्यहरूको KYM अद्यावधिक गर्न दिइएको सुझाव।	कार्यान्वयन भइरहेको

क्र.सं.	सुझाव	कार्यान्वयनको अवस्था
२.	हालको आर्थिक मन्दीको अवस्थामा पटक ब्याजदरहरू परिवर्तन भएको र यसरी परिवर्तन गर्दा त्यसले समग्र संस्थाको आर्थिक अवस्थामा पार्ने प्रभाव बारेमा लागत लाभ तथा PEARLS को आधारमा समेत विश्लेषण गर्न सुझाव दिइन्छ।	कार्यान्वयन भइरहेको
३.	आवधिक रूपमा ऋणको भाका नागेका सदस्यहरूको ऋण असुली तथा नियमित गर्न निरन्तर ताकेता गर्न सुझाव दिइन्छ।	कार्यान्वयन भइरहेको
४	भाका नाघेका ऋण र उठाउन बाँकी ब्याज असुलीका लागि प्राथमिकताका साथ कडा रणनीति र कार्ययोजना बनाएर कार्यान्वयन गर्न सुझाव दिइन्छ।	कार्यान्वयन भइरहेको
५	लेखांकन कार्यलाई सहज र त्रुटि रहित बनाउनको लागि संभव भए सम्म संस्थामा सञ्चालनमा रहेको एजी सॉफ्टवेयरमै भौचर उठाई सोही लेखांकन गर्न सुझाव दिइन्छ ।	कार्यान्वयन भइरहेको
६	नेपाल सरकारको निर्णय बमोजिम यस सहकारी संस्थाको सामाजिक सुरक्षा कोषमा संस्था दर्ता भई २०७६ कार्तिक महिना देखि सामाजिक सुरक्षा कोष रकम कट्टा गर्न सुरु गरेको भए तापनि सम्बन्धित निकायमा दाखिला गर्न बाँकी रहेकोले सो रकम सम्बन्धित निकायमा दाखिला गर्न दिइएको सुझाव।	कार्यान्वयन भएको

८.२. लेखा परीक्षण अवधि को कारोबारहरूको परीक्षण गर्दा पाइएका कुराहरूलाई सुझावको रूपमा निम्नानुसार बुदांगत रूपमा प्रस्तुत गरेका छौ।

मुख्य वित्तीय सूचकहरू (Key Financial Highlights)

विवरण	३२ आषाढ २०८३	३२ आषाढ २०८२	परिवर्तन
सम्पत्ति			
नगद तथा नगद सरह	४९,६८१,९२६	३०,७५३,७३७	६२%
सदस्यहरूलाई ऋण तथा सापट	१२१,८६१,५३९	१३०,७०२,९७३	-७%
लगानी धितोपत्रहरू	१८५,४००	१८५,४००	०%
सम्पत्ति संयन्त्र तथा उपकरण	७७,३१९	१०४,८९३	-२६%
स्थगन कर सम्पत्ति	५,५५१	७,०४१	-२१%
कुल सम्पत्ति	**१७१,९३४,२३५**	**१६१,९८८,६४४**	**६%**
दायित्व			

विवरण	३२ आषाढ २०८३	३२ आषाढ २०८२	परिवर्तन
सदस्यबाट बचत र निक्षेप दायित्व	१३१,६६४,०७७	१२१,८६१,७७२	८%
चालु कर दायित्व	१४४,८६६	६२,९१९	१३५%
अन्य दायित्वहरू	३,६०१,९०४	३,५९९,३८९	०%
सेयर पुँजी	१२,११२,०००	११,७६१,०००	३%
साधारण जगेडा कोष	१५,४४९,८३५	१४,५०६,६१८	७%
अन्य कोषहरू	८,९११,५५३	१०,१७६,९४६	-१२%
कुल पुँजी तथा दायित्व	**१७१,९३४,२३५**	**१६१,९८८,६४४**	**६%**

८.३ . प्रमुख लेखापरीक्षण निष्कर्ष

- कुल ऋण रु.१२,४५,६७,२४५.९० को वर्गीकरण अनुसार असल ऋण (रु.११,८५,१८,६२१.९०), कमसल (रु.१७,११,६९४.००), शंकास्पद (रु.६,५०,४१५.००) र खराब ऋण (रु.३६,८६,५१५.००) रहेको छ। खराब ऋणको दर उच्च हुनु र सोबापत कुल रु. ५६,२४,८३२.२२ ऋण नोक्सानी व्यवस्था गर्नु परेकाले असुली प्रक्रियालाई तीव्रता दिनु आवश्यक देखिन्छ।
- व्याज आम्दानी आ.व. २०८०/८१ को रु. १.६४ करोडबाट घटेर आ.व. २०८२/०८३ मा रु. १.३० करोड पुगेको छ। ऋण प्रवाहको गुणस्तर र असुलीदर बढाएर ब्याज आम्दानी सुधार गर्नुपर्ने देखिन्छ।
- कुल निक्षेप (रु. १३.१६ करोड) को तुलनामा नगद तथा बैंक मौज्दात (रु. ४.९६ करोड) उल्लेख्य (करिब ३७.७%) रहेकाले तरलता स्थिति मजबुत रहेको छ।

८.४. आर्थिक कारोबारहरूको आन्तरिक लेखा परीक्षण तथा संस्थाको अन्य गतिविधिको निरीक्षणका क्रममा संस्थाको समग्र गतिविधिमा थप प्रभावकारिता ल्याउन निम्न बमोजिमका सुझावहरू कार्यान्वयन गर्न उपयुक्त देखिन्छ।

१. निक्षेपको दायरा दिगो बनाउन नियमित बचत लाई प्राथमिकता दिने कार्यको निरन्तरताको लागि सुझाव दिइन्छ ।

२. ऋण असुली प्रक्रियालाई थप र व्यवस्थित गरी वित्तीय जोखिम न्यूनीकरण गर्न सुझाव दिइन्छ ।

३. संस्थाका सदस्यहरूले ऋण लिएमा, ऋणको किस्ता भुक्तानीको मिति नजिकिएमा वा बचत कारोबार सम्पन्न हुनासाथ स्वतः एसएमएस (SMS Alert) जाने प्रणाली जडान गर्न सुझाव दिइन्छ ।

४. नियमित बचत तथा ऋणको किस्ता संकलन प्रक्रियालाई प्रविधिमैत्री बनाउन संस्थाको मोबाइल एप (Mobile App) मार्फत Push Notifications पठाउने, डिजिटल भुक्तानी गेटवे (QR, Namaste pay, eSewa, Khalti, ConnectIPS आदि) सँग आबद्ध गरी अनलाइन संकलनलाई प्राथमिकता दिनु सुझाव दिइन्छ ।

अन्त्यमा, यस धनसार बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा सञ्चालक तथा कर्मचारीहरूबाट इमानदारी पूर्वक कार्य सम्पादन गरेको, सेयर सदस्यहरूले नियमित रूपमा किस्ता तथा बचत रकम जम्मा गरेको, यथा सम्भव खर्च घटाउने तथा आम्दानी बढाउने प्रयास गरिरहेको देखिन्छ। यसले विगत वर्षको भन्दा संस्थाको आर्थिक अवस्था अझै सुदृढ हुँदै जाने अपेक्षा गरेका छौँ। यसै गरी यस समितिले माग गरे अनुसारको विवरणहरू उपलब्ध गराई समितिको कार्यमा सहयोग गरिदिनु भएकोमा सञ्चालक समितिका पदाधिकारीहरू तथा कर्मचारीहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौ। जय सहकारी। जय धनसार।

संयोजक : तिर्थराज अधिकारी

सदस्य : गंगाधर ज्ञवाली

सदस्य : मञ्जु पौडेल

मिति: २०८३/०६/०४ काठमाडौँ।

नेपाल टेलिकमका कर्मचारीहरूद्वारा सञ्चालित

धनसार बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Dhansar Saving and Credit Cooperatives Ltd.

का.म.पा.-११, भद्रकालीप्लाजा, काठमाडौं

१८ औँ वार्षिक साधारण सभा २०८३ मा कोषाध्यक्ष बेनप्रसाद तिमल्सिनाद्वारा प्रस्तुत प्रतिवेदन

गरिमामय १८औँ वार्षिक साधारण सभाका सभाध्यक्ष संस्थाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथि तथा अतिथिज्यूहरू, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र विभिन्न उपसमितिका संयोजक लगायत पदाधिकारीज्यूहरू, संस्थालाई अनवरत रुपमा माया गर्नुहुने तमाम सेयर सदस्य महानुभावहरू, संस्थामा कर्तव्यनिष्ठ भई सेवा गर्नुहुने कर्मचारी परिवार, शुभेच्छुक शुभचिन्तक लगायत प्रेरणादायी व्यक्तित्वहरूमा सञ्चालक समिति र मेरो व्यक्तिगततर्फबाट सहकारी अभिवादन व्यक्त गर्दछु।

यस धनसार बचत तथा ऋण सहकारी संस्था लि. को १८औँ वार्षिक साधारण सभाको सु-अवसरमा संस्थाको आर्थिक वर्ष २०८२/०८३ को वास्तविक आर्थिक प्रतिवेदन तथा आगामी आर्थिक वर्ष २०८३/०८४ को अनुमानित बजेट यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ। लेखापरीक्षक प्रो. फणिन्द्र कुवँर, सिए (पि कुँवर एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स) बाट यस आर्थिक वर्षको अन्तिम लेखापरीक्षण सम्पन्न भई संस्थाको वित्तीय अवस्था पारदर्शी र नियमसंगत रहेको राय सहितको विस्तृत प्रतिवेदन यसै प्रतिवेदनमा संलग्न रहेकोछ। संस्थाको आर्थिक वर्ष २०८२/०८३ का मुख्य वित्तीय सूचकहरू र आगामी वर्षको अनुमानित आय व्यय विवरण संक्षिप्त रूपमा देहाय बमोजिम रहेकोछ।

१. वित्तीय स्थितिको संक्षेप (Financial Summary)

विगत ५ वर्ष देखि संस्थाको मुख्य आर्थिक सूचकहरूको अवस्था देहायको तालिकामा प्रस्तुत गरिएको छ।

विगत ५ वर्षदेखि संस्थाका मुख्य आर्थिक सूचक वृद्धिको अवस्था

आर्थिक वर्ष	सदस्य संख्या	सेयरपुँजी रु	बचत रकम रु	ऋण लगानी रु	कुल वासलात रु	साधारण सभा मिति
२०७८/०७९	१०८४	१,०४,५०,०००	९,८५,०३,१२६.७५	९,०९,१५,८२५.९२	१२,८७,७६,५१४.६०	२०७९/०९/०२
२०७९/०८०	१११०	१,०९,२०,०००	११,२१,९१,६६९.००	११,०८,९०,०३८.९	१४,७०,५२,९६३.१०	२०८०/०८/१६
२०८०/०८१	१११९	१,१२,०३,०००	११,६९,०१,२४३.५१	१२,२९,५८,०२५.००	१५,८७,५३,२४४.१६	२०८१/०६/१२
२०८१/०८२	११२२	१,१७,६१,०००	१२,१८,६१,७७२.००	१३,२५,७१,५५४.००	१६,३०,०२,२७६.००	२०८२/०९/१२
२०८२/०८३	११३१	१,२१,१२,०००	१३,१६,६४,०७७.३१	१२,१८,६१,५३८.६८	१७,१९,३४,२३५.२५	२०८३/०६/०४

आर्थिक वर्ष २०८२/२०८३ को आषाढ मसान्तसम्म संस्थाको कुल वित्तीय आकार (वासलात) मा वृद्धि भएको छ।

- कुल सम्पत्ति (Total Assets): गतवर्ष रु.१६,१९,८८,६४४.०० रहेकोमा यसवर्ष वृद्धि भई रु.१७,१९,३४,२३५.०० पुगेको छ।

- सेयर पुँजी (Share Capital): गत वर्ष रु.१,१७,६१,०००.०० रहेकोमा यस वर्ष वृद्धि भई रु.१,२१,१२,०००.०० पुगेको छ।
- साधारण जगेडाकोष (General Reserve): संस्थाको जगेडा कोष गत वर्ष १,४५,०६६१८/०० बाट वृद्धि भई रु.१,५४,४९,८३५.०० पुगेको छ।

२. व्याज तथा अन्य आम्दानी विवरण:

यस आर्थिक वर्षमा आर्थिक कारोवारमा आएको संकुचनका बाबजुद पनि संस्थाको आम्दानी सन्तोषजनक रहेको छ।

व्याज आम्दानी: यस वर्ष संस्थाले ब्याज आम्दानी रु.१,३०,४४,७२६.०० गरेको तथा ब्याज खर्च रु.५४,३७,३१७.०० रहेको छ। हाल संस्थामा ब्याजको स्प्रेड दर ४.२% कायम रहेको छ।

अन्य शुल्कहरूबाट आम्दानी: ऋण व्यवस्थापन, सेवा शुल्क लगायतका शिर्षकबाट रु.१२,२१,६२४.०० आम्दानी भएको छ।

३. सञ्चालन तथा प्रशासनिक खर्च विवरण :

संस्थाको दैनिक कार्यसञ्चालन र व्यवस्थापनका लागि भएका मुख्य खर्चहरू निम्न बमोजिम छन्:

- **कर्मचारी खर्च:** कर्मचारीहरूको तलब, भत्ता तथा दशैं खर्च लगायतमा रु.१४,६३,०५० खर्च भएको छ।
- **प्रशासनिक तथा सञ्चालन खर्च:** कार्यालय सञ्चालन, साधारणसभा खर्च, घरबहाल, जोखिम व्यवस्था लगायतमा रु.१९,४९,३३५.०० खर्च भएको छ।

४. खुद नाफा र कोष बाँडफाँड (Profit & Fund Allocation)

- **आयकर अघिको नाफा:** यस वर्ष संस्थाले रु.४५,८४,६०७ आयकर अघिको मुनाफा आर्जन गरी आयकर व्यवस्था नियमानुसार रु.९,१५,४३१ चालू आयकर व्यवस्था गरिएको छ।
- **सहकारीको खुद नाफा (Net Profit):** सबै कर कट्टा गरेपछि संस्थाको खुद नाफा रु.३६,६७,६८६.०० कायम भएको छ।

सहकारी ऐन तथा नियमावली तथा संस्थाको विनियम बमोजिम उक्त खुद नाफालाई विभिन्न वैधानिक कोषहरूमा निम्नानुसार बाँडफाँड गरिएको छ।

- साधारण जगेडा कोष (२५%): रु.९,१६,९२१.००
- संरक्षित पुँजी फिर्ता कोष (२५%): रु.६,८७,६९१.००
- सहकारी प्रवर्द्धन कोष (०.५%): रु.१३,७५४.००
- सेयर लाभांश कोष (६५%): रु.१३,३२,०५८.००
- अन्य वैधानिक कोषहरू (शिक्षा, सहकारी विकास, सामुदायिक विकास, घाटापुर्ती, कर्मचारी बोनस, स्थिरीकरण आदि): प्रत्येकमा ५% ले हुने रु.१,०२,४६६.०० का दरले छुट्याईएको छ।

५. नगद प्रवाह तथा मौज्दात स्थिति (Cash Flow & Liquidity)

- आ.व.मा सुरुको नगद मौज्दात: रु.३,०७,५३,७३८.०० नगद तथा बैंक मौज्दात रहेको थियो।
- खुद नगद प्रवाह: सञ्चालन गतिविधिबाट रु.२,२५,६७,४९१.०० खुद नगद प्रवाह भएको छ।
- अन्तिम नगद तथा बैंक मौज्दात: आषाढ मसान्त २०८३ मा संस्थाको तरल मौज्दात (नगद तथा बैंक मौज्दात) रु.४,९६,८१,९२६.०० रही मजबुत स्थितिमा रहेको छ। २०८३ आषाढ मसान्तको तरलता ३७.७३% रहेको छ।

लेखापरीक्षकबाट प्रमाणित भई आएको आ.व.२०८२/०८३ को आर्थिक प्रतिवेदन यस गरिमामय सभा समक्ष निर्णयका लागि सादर पेश गर्दछु।

६. आगामी वर्षका मुख्य नीति, योजना तथा कार्यक्रमहरू

- सदस्यहरूबाट नियमित लगायत सहकारीको बचत कार्यविधि बमोजिम बचत वृद्धिमा जोड दिइनेछ।
- सहकारीको ऋण लगानी कार्यविधि बमोजिम तथा नियमक निकायको निर्देशन बमोजिमको सिमा भित्र रहेर ऋण लगानी गरिने छ।
- सहकारीमा रहेको ऋण भुक्तानी प्रकृयामा थप सुधार गरिनेछ। किस्ता नाघेका ऋणी सदस्यहरूलाई समन्वय गरि नियमित गर्न प्रयास गरिनेछ। अन्यथा नियमानुसार प्रकृया अगाडि बढाइ असुली गरिनेछ।
- धितो मुल्याङ्कन प्रकृयालाई थप व्यवस्थित गरि मुल्याङ्कन कर्ताको सहभागीता वढाइनेछ।
- संस्थामा कार्यरत कर्मचारी तथा सञ्चालकहरूलाई नियमक निकायहरूको सहकार्यमा तालिम अनुसन्धान कार्यमा सहभागी गराइनेछ।
- सहकारीका सेयर सदस्यहरूले ऋण लिँदा लिईने शुल्ककको केहि योगदानलाई निरन्तरता दिइने तथा विभिन्न कार्यक्रमबाट सहकार्य गरि कल्याणकारी कोषलाई वृद्धि गरि सदस्य कल्याणका कार्यहरू थप गर्दै लगिने छ साथै सेयर सदस्यलाई कोषहरूको परिकल्पना अनुसार समाजिक उत्तरदायीत्व, सहकारी शिक्षा लगायतका कार्यक्रम सञ्चालन गरिनेछन।
- डिजिटल र प्रविधिमैत्री सेवा: मोबाइल बैंकिङ सेवालाई थप सुरक्षित र प्रभावकारी बनाई डिजिटल भुक्तानीलाई प्रोत्साहन गरिनेछ। संस्थाको कोर-बैंकिङ सफ्टवेयरलाई थप स्तरोन्नति गरिनेछ।
- उत्पादनशील क्षेत्रमा ऋण लगानी: व्यापार व्यवसाय र घरजग्गा ऋणका अतिरिक्त विपन्न र मध्यमवर्गीय सदस्यहरूलाई लक्षित गरी घरेलु, साना तथा मझौला उद्योग र शैक्षिक ऋणमा लगानी वृद्धि गरिनेछ।
- सदस्यता वृद्धि तथा वित्तीय साक्षरता: नयाँ सदस्यहरू भित्र्याउन र पुराना सदस्यहरूलाई सहकारीको महत्व बुझाउन "सहकारी वित्तीय साक्षरता अभियान" सञ्चालन गरिनेछ।
- जोखिम व्यवस्थापन र कोष सुदृढीकरण: खराब ऋण (NPL) को जोखिम न्यूनीकरण गर्न नियमकहरूको निर्देशन र मापदण्ड बमोजिम पर्याप्त ऋण नोक्सानी जोखिम व्यवस्था (Loan Loss Provisioning) लाई कडाइका साथ लागू गरिनेछ।

७. आ.व.२०८३/८४ को लागि अनुमानित आय-व्यय विवरण

सि. नं.	विवरण	आ.व. २०८२/०८३ को लागि अनुमानित	२०८३ आषाढ मसान्तको यथार्थ	आ.व. २०८३/०८४ को लागि अनुमानित
	पुँजी तथा दायित्व तर्फ			
१	सेयर पूंजी	१२८८७६००.००	१२११२०००.००	१२६००००००.००
२	जगेडा कोष	१४५००००००.००	१५४४९८३५.००	१६५००००००.००
३	अन्य कोषहरू	७६००००००.००	८९११५५३.००	९८७६८२५.००
४	ऋण जोखिम व्यवस्था	३४००००००.००	५६२४८३२.००	५२५००००००.००
५	बचत निक्षेप	१२६९००००००.००	१३१६६४०७७.००	१४७५००००००.००
६	चालु दायित्व तथा व्यवस्थाहरू	९००००००.००	३७९६७७०.००	३५५००००००.००
	जम्मा	**१७७१७२१००.००**	**१७७५५९०६७.००**	**१९५२७६८२५.००**
	सम्पत्ति तथा जायजेथा तर्फ			
१	नगद मौज्दात	४००००.००	८५५१.००	१००००.००
२	बैंक मौज्दात	१०७४१७००.००	४९६७३३७५.००	४२०२००००.००
३	लगानीमा रहेको ऋण रकम	१५३५००००००.००	१२४५६७२४६.००	१४६०००००००.००
४	स्थिर सम्पत्ति	५००००००.००	७७३१९.००	४५००००.००
५	सेयर लगानी हिसाव	१८५४००.००	१८५४००.००	१८५४००.००
६	मुद्धती लगानी	५०००००००.००	०.००	५०००००००.००
७	अग्रिम भुक्तानी तथा पाउनुपर्ने	१०५०००.००	१२८०५१.००	४५००००.००
८	पाउनुपर्ने हिसाव	११००००००.००	२९१९१२५.००	३०००००००.००
	जम्मा	**१७७१७२१००.००**	**१७७५५९०६७.००**	**१९७११५४००.००**

सि.नं.	विवरण	आ.व. २०८२/०८३ को लागि अनुमानित	२०८३ आषाढ मसान्तको यथार्थ	आ.व. २०८३/०८४ को लागि अनुमानित
	आम्दानी तर्फ			
१	ऋण लगानीबाट व्याज आम्दानी	१४५०००००	१२९६६९५३	१४०००००
२	बैकबाट व्याज आम्दानी	१३०००००	७७७७३	१५५०००
३	प्रवेश शुल्क	५०००	५६००	१००००
४	ऋण व्यवस्थापन शुल्क	११५०००	८८१८५२	१०५००००
५	हर्जना जरिवाना	१०००००	२४९२३०	१५००००
६	धितो मुल्याङ्कन	५००००	२७५००	५५०००
७	अन्य विविध आम्दनी	५००००	९०५४२	१०००००
	जम्मा आम्दनी	**१७१५५०००**	**१४२९९४५०**	**१५५२०००० **
	खर्च विवरण तर्फ			
१	बचतमा व्याज खर्च	७००००००	५४३७३१७	६३०००००
२	कर्मचारी खर्च	१४२९५००	१३९७४००	१५६५२००
३	प्रशासनिक खर्च	३८८५००	३३८७३७	४१५५००
४	सहकारी तथा सामुदायिक खर्च	२५१७५००	१३४५४९९	१४९५०००
५	अप्रत्यक्ष खर्च	५८५०००	९१५१४०	५९५०००
६	समिति उपसमिति खर्च	२५००००	२८०७५०	३०००००
	जम्मा खर्च	**१२१७०५००**	**९७१४८४३**	**१०६७०७०० **

क) कर्मचारी खर्चतर्फ (खर्च विवरणको विस्तार)

सि.नं.	विवरण	आ.व. २०८२/०८३ को लागि अनुमानित	२०८३ आषाढ मसान्तको यथार्थ	आ.व. २०८३/०८४ को लागि अनुमानित
१	कर्मचारी तलव तथा भत्ता खर्च	१२९००००	१२८३७००	१४१५०००
२	कर्मचारी चाडपर्व खर्च	१०७५००	८१५००	११८२००
३	कर्मचारी पोशाक खर्च	१७०००	१५०००	१७०००
४	कर्मचारी अतिरिक्त समय खर्च	१५०००	१७२००	१५०००
	जम्मा	**१४२९५००**	**१३९७४००**	**१५६५२०० **

ख) प्रशासनिक खर्च अन्तर्गत

सि.नं.	विवरण	आ.व. २०८२/०८३ को लागि अनुमानित	२०८३ आषाढ मसान्तको यथार्थ	आ.व. २०८३/०८४ को लागि अनुमानित
१	मसलन्द तथा छपाई खर्च	८५०००.००	४८७६४.००	६०००.००
२	मर्मत तथा सम्भार खर्च	२५०००.००	१३३९४.००	२५०००.००
३	ईन्धन खर्च	६५०००.००	६५६५०.००	७०००.००
४	बत्ति, पानी खर्च	१५०००.००	११०२८.००	१५०००.००
५	सञ्चार महशुल खर्च	२५०००.००	१२५००.००	२५०००.००
६	अतिथी सत्कार खर्च	५००००.००	२९३१५.००	३६०००.००
७	संस्थागत सदस्यता शुल्क	३५००.००	६१२२.००	५०००.००
८	बैक चार्ज	१००००.००	५५३६.००	१००००.००
९	सफ्टवेयर तथा अन्य सेवा नविकरण	६००००.००	३३९००.००	५००००.००
१०	विविध खर्च	५००००.००	११२५२८.००	१२२०००.००
	जम्मा	**३८८५००.००**	**३३८७३७.००**	**४१८०००.००**

ग) सहकारी तथा सामुदायिक खर्च अन्तर्गत

सि.नं.	विवरण	आ.व.२०८२/०८३ को लागि अनुमानित	२०८३ आषाढ मसान्तको यथार्थ	आ.व.२०८३/०८४ को लागि अनुमानित
१	साधारण सभा खर्च	१२००००.००	१०३४४३५.००	११५०००.००
२	भ्रमण तथा यातायात खर्च	२५०००.००	१०४०.००	५०००.००
३	घरभाडा खर्च	२८२०००.००	२९४५२४.००	२८५०००.००
४	सहकारी दिवस तथा अन्य खर्च	२५०००.००	१२५००.००	२००००.००
५	धितो मुल्याङ्कन खर्च	१०५००.००	३०००.००	३५०००.००
	जम्मा	**२५१७५००.००**	**१३४५४९९.००**	**१४९५०००.००**

घ) अप्रत्यक्ष खर्च अन्तर्गत

सि.नं.	विवरण	आ.व.२०८२/०८३ को लागि अनुमानित	२०८३ आषाढ मसान्तको यथार्थ	आ.व.२०८३/०८४ को लागि अनुमानित
१	स्थिर सम्पत्तिमा ह्रास कट्टि	३५०००.००	२७५७३.००	४५०००.००
२	ऋण जोखिम ब्यवस्था	५००००००.००	८३७५६७.००	५००००००.००
३	लेखापरिक्षण खर्च	५००००.००	५००००.००	५००००.००
	जम्मा	**५८५०००.००**	**९१५१४०.००**	**५९५०००.००**

यस आर्थिक वर्षमा संस्थाको सम्बन्धित कोषबाट खर्च हुने गरि संस्थाका विभिन्न उपसमितिबाट सञ्चालन गरिने कार्यक्रमहरू तपसिल बमोजिम रहेका छन ।

सि.नं.	प्रस्तावित महिना	कार्यक्रम विवरण	सञ्चालन,समिति / उपसमिति	अनुमानित खर्च रु.
१	श्रावण/भाद्र	नयाँ सदस्यहरूलाई १ दिने प्रशिक्षण कार्यक्रम	शिक्षा	७५०००.००
२	कार्तिक/मार्ग	समिति उपसमिति सहित १ दिने योगा कार्यक्रम	अतिरिक्त क्रियाकलाप	५००००.००
३	उपयुक्त समयमा	ऐन नियमसँग सम्बन्धित सहकारी प्रशिक्षण कार्यक्रम	शिक्षा	७५०००.००
४	जेष्ठ	वार्षिकउत्सव कार्यक्रम (CSR)	अतिरिक्त क्रियाकलाप	३००००.००
५	माघ	धनसार हाईकिङ्ग कार्यक्रम	अतिरिक्त क्रियाकलाप	५००००.००
६	मार्ग/पौष	ऋणी सदस्य साक्षरता कार्यकम	शिक्षा	५००००.००
७	बैशाख/ जेष्ठ	ऋणी सदस्य साक्षरता कार्यकम	ऋण उपसमिति	५००००.००
८	उपयुक्त समयमा	धनसार हाईकिङ्ग कार्यक्रम	अतिरिक्त क्रियाकलाप	५००००.००
९	उपयुक्त समयमा	सहकारी अध्ययन अवलोकन भ्रमण कार्यक्रम	शिक्षा	१५००००.००
१०	माघ/फाल्गुण	सहकारी वनभोज कार्यक्रम	अतिरिक्त क्रियाकलाप	१००००.००
			जम्मा	**६८००००.००**

आदरणीय सदस्य महानुभावहरू,

हाम्रो धनसार बचत तथा ऋण सहकारी संस्था लि. आर्थिक रूपमा सुरक्षित र व्यावसायिक रूपमा सबल दिशामा अघि बढिरहेको वासलात र नाफा-नोक्सान विवरणले स्पष्ट पार्दछ । सेयरधनीहरूको बचतको पूर्ण सुरक्षा गर्दै संस्थाको पुँजीगत आधारलाई अझै बलियो बनाउन हामी प्रतिबद्ध छौं । विगतका वर्षहरूमा जस्तै आगामी वर्षमा

पनि यहाँहरूको अटुट विश्वास र सहयोगले संस्थाले तय गरेका यी लक्ष्यहरू सजिलै प्राप्त गर्नेछ भन्ने कुरामा म पूर्ण विश्वस्त छु। हाम्रो धनसार बचत तथा ऋण सहकारी संस्था लि. लाई एक उत्कृष्ट र सुरक्षित सहकारी संस्थाको रूपमा स्थापित गर्न कार्यसमिति र व्यवस्थापन निरन्तर क्रियाशील रहनेछ। संस्थाको आर्थिक कारोबारलाई पारदर्शी बनाउन अहोरात्र खट्नुहुने सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, कर्मचारी परिवार र निरन्तर विश्वास गर्नुहुने सम्पूर्ण सेयर सदस्य महानुभावहरूमा म हार्दिक धन्यवाद व्यक्त गर्दै प्रस्तुत प्रतिवेदनमा सकारात्मक एवं रचनात्मक सुझावका साथ सर्वसम्मत पारित गरिदिनुहुन सम्मानित साधारण सभा समक्ष हार्दिक अनुरोध गर्दछु।

धन्यवाद। जय सहकारी ।। जय धनसार ।।

बेन प्रसाद तिमल्सिना
कोषाध्यक्ष
धनसार बचत तथा ऋण सहकारी संस्था लिमिटेड
मिति: २०८३ आश्विन ४ गते, आइतवार, काठमाडौँ।



धनसार सहकारी संस्थाको QR CODE मार्फत रकम जम्मा गर्नुहुने सेयर सदस्यले आफ्नो नाम र सदस्यता नं. अनिवार्य रूपमा उल्लेख गर्नुहोस्।

P. Kunwar & Associates
CHARTERED ACCOUNTANTS

Cop No.: 1460
Firm Reg. No.: 1291
PAN No : 124608180

Phone No.: +977 9851413027
Email: ca.pkunwar@gmail.com
New Baneshwor, Kathmandu

स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

श्री शेयर सदस्य महानुभावहरू,

धनसार बचत तथा ऋण सहकारी संस्था लि.

राय

हामीले **धनसार बचत तथा ऋण सहकारी संस्था लि.**को (यस पछि "संस्था" भनिएको) यसै साथ संलग्न २०८३ आषाढ ३२ गतेको वित्तिय स्थितिको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सानी हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, नगद प्रवाह विवरण, कोषमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको (यस पछि समग्रमा वित्तीय विवरणहरु भनिएको) लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा, संलग्न वित्तीय विवरणहरूले धनसार बचत तथा ऋण सहकारी संस्था लि. को २०८३ असार मसान्तसम्मको वित्तीय स्थिति तथा सोही मितिमा समाप्त वर्षको वित्तीय सञ्चालन नतिजा र नगद प्रवाहलाई नेपाल वित्तीय प्रतिवेदन मानहरू (NFRs for SME's) र प्रचलित कानून बमोजिम सही तथा यथार्थ चित्रण (True and Fair View) गर्दछन ।

रायको आधार

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं । ती मान बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको "वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व" शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएको "द ह्याण्ड बुक अफ द कोड अफ इथिक्स फर प्रोफेसनल एकाउन्टेन्ट्स" (The Handbook of the Code of Ethics for Professional Accountants) बमोजिम हामी संस्थासँग स्वतन्त्र छौं र हामीले सो ह्याण्डबुक बमोजिमका अन्य नैतिक दायित्वहरुको पालना गरेका छौं । हाम्रो लेखापरीक्षण प्रमाणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

लेखापरीक्षणका मुख्य मामलाहरू (Key Audit Matters)

यस अवधिको संस्थाको वित्तीय विवरणको लेखापरीक्षणका क्रममा हाम्रो व्यावसायिक निर्णयका आधारमा लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण विषयवस्तु नै लेखापरीक्षण सम्बन्धी मुख्य विषयवस्तु हुन्छ । यी विषयवस्तु वित्तीय विवरणको लेखापरीक्षण क्रममा हाम्रो राय बनाउने सन्दर्भमा समाधान गरिएका थिए र हामी यी विषयमा छुट्टै रूपमा प्रकट गर्ने छैनौं । अन्य लेखापरीक्षण सम्बन्धी मुख्य विषयवस्तु नरहेको हामीले निर्णय गरेका छौं ।

वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व

वित्तीय विवरणहरु तयारी एवम् प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत रुपमा त्रुटीरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । सञ्चालक समिति संस्थाको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको लागि जिम्मेवार छ ।

P. Kunwar & Associates ★ Kathmandu ★ Chartered Accountants

वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व

वित्तीय विवरणहरु सम्पूर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत रुपमा त्रुटिरहित छन् वा छैनन् भन्नेबारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित आश्वस्तता एक उच्च स्तरीय आश्वस्तता भएतापनि सारभूत त्रुटीहरु विद्यमान रहेको अवस्थामा नेपाल लेखापरीक्षणमान अनुरुपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरु सधैँ पहिचान हुन्छन् भन्ने निश्चयता रहँदैन । गलत प्रस्तुति जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र यदि ती प्रस्तूतिहरुले वित्तिय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्ररुपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गर्न सकिन्छ भने, उक्त गलत प्रस्तुतिलाई सारभुत रुपमा गलत प्रस्तुति भनिन्छ ।

नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणको क्रममा हामी व्यावसायिक सन्देह कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौँ । क्रमशः हामीले :

- वित्तिय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मुल्याङ्कन गरी ती जोखिमहरुको लागि प्रभावकारी लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गरेर हाम्रो राय प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण सङ्कलन गर्दछौँ । मिलिभगत, ठगी, जानाजानी चूक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणलीको मिचाइ समावेश हुने भएकोले गल्तीहरुभन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तुतिहरुको पहिचान नहुने जोखिम अधिक रहन्छ ।
सम्पत्ति तथा दायित्वहरको वित्तीय विवरणमा गणना गरिएको रकम तथा कर कानुनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वित्तीय विवरणमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रुपमा लेखाङ्कन गरिन्छ । स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिन पर्याप्त विस्वसनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिँदैन ।

२.४.७ सम्भावित दायित्वको लागि व्यवस्था

सम्भावित दायित्वहरुमा विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता दायित्वहरु जसको अस्तित्व तथा परिणाम भविष्यका एक वा एक भन्दा बढी तथा सहकारीको नियन्त्रण भन्दा बाहिर रहने अनिश्चित घटना क्रमहरुले निर्क्यौल गर्ने तथा विगतका घटना क्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखांकन नगरिएको दायित्वहरु पर्दछन् ।

- ✓ दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको अथवा
- ✓ दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको ।

२.४.९ लगानी सम्पत्तीको वर्गिकरण

कुनै सम्पत्ति लगानी सम्पत्तिको रुपमा वर्गिकरण गर्न योग्य भए वा नभएको निर्धारण गर्नको लागि व्यवस्थापनको स्वविवेक आवश्यक पर्दछ । सहकारीले यी स्वविवेकको एकनास रुपले प्रयोग गर्न मापदण्डहरुको विकास गरेको छ । कुनै सम्पत्ति जुन भाडा वापत कमाउन वा पूँजीको मूल्यवृद्धिको लागि राखिएको छ वा दुबै उद्देश्यको लागि धारण गरिएको छ र त्यो सम्पत्तिले सहकारीले अन्य सम्पत्तिहरु भन्दा स्वतन्त्र रुपमा नगद प्रवाह उत्पन्न गर्न सक्दछ भने त्यो सम्पत्तिलाई लगानी सम्पत्तिको रुपमा वर्गिकरण गरिन्छ । त्यसैगरी कुनै सम्पत्ति जुन संचालनका लागि वा सेवा प्रदान गर्नका लागि वा प्रशासनिक उद्देश्यका लागि प्रयोग गरिन्छ र त्यो सम्पत्तिले एकल रुपमा प्रत्यक्ष नगद प्रवाहहरु उत्पन्न गर्न सक्दैन भने त्यस्ता सम्पत्तिलाई सम्पत्ति, प्लान्ट तथा उपकरणको





रुपमा वर्गिकरण गरिन्छ । सहकारीले वार्षिक रुपमा आफ्ना सम्पत्तिहरुको वर्तमान उपयोगलाई ध्यानमा राखि सम्पत्तिको वर्गीकरण गर्दछ ।

२.५ जारी भई बाध्यकारी नभएका नेपाल वित्तीय प्रतिवेदन मानहरु

वित्तीय उपकरणको रिपोर्टिङको लागि, NAS 32 वित्तीय उपकरण, प्रस्तुतिकरण, NAS 39 वित्तीय उपकरण लेखांकन र मापन र NFRS 7 बमोजिमको वित्तीय उपकरण प्रकटिकरण लागू गरिएको छ । वित्तीय उपकरणहरुको वर्गीकरण्को लागि NFRS 9 अनुपालना गरिएको छ ।

NFRS को विभिन्न मितिमा उद्घोषण पछि IASB बाट केही नयाँ लेखामान र वर्तमान लेखामानमा संशोधन र व्याख्य जारी भएको छ । एएसबी नेपालले यसलाई NFRS सँग समावेश गराएपछि यी लागू गरिएको छ । ICAN ले NFRS for SMEs 2017 घोषणा गरी लागू गरेको छ ।

२.६ संस्थाको निरन्तरता/अविछिन्नतामा आधारित लेखा नीति (Going Concern)

संस्थाको व्यवस्थापनले आफनो व्यवसाय निरन्तर रुपमा (Going Concern Basis) चलिरहन्छ भन्ने क्षमताको समीक्षा गरेको छ । संस्थाको व्यवसाय भविष्यमा अनवरत रुपमा चलिरहनको लागि व्यवस्थापनसंग पर्याप्त स्रोतहरु छन् भनी विश्वस्त छ । यसका लागि सञ्चालक समितिले नाफा, नगद प्रवाह, पूँजीगत स्रोतहरु जस्ता अवस्थाहरुको भविष्यको प्रक्षेपण गर्नका साथै हाल र भविष्यको अवस्थाहरु विश्लेष्ण गरेको छ ।

२.७ तुलनात्मक जानकारी

लेखा नीतिहरु सबै अवधिमा समान रुपले अवलम्बन गरिएको छ । गत आर्थिक वर्षका वित्तीय रकमहरुलाई आवश्यकता अनुसार पूर्नवर्गीकरण गरिएका छन् ।

२.८ वित्तीय स्थितीको विवरण मिति पश्चातका घटनाहरु

आर्थिक वर्षको अन्त्य देखि वार्षिक वित्तीय विवरण (मिति अषाढ ३२, २०८३ को वित्तीय अवस्था दर्शाउने वित्तीय विवरणहरु) प्रकाशन वा जारी गर्न स्वीकृत नहुन्जेलको समयावधीमा सो विवरणले पेश गरेको वित्तीय अवस्था सम्बन्धी थप जानकारी दिने वा उल्लेख्य असर पार्ने कुनै पनि अनुकुल वा प्रतिकुल घटनाहरुलाई वित्तीय स्थितिको विवरणको मिति पश्चात्तका घटनाहरु भन्ने गरिन्छ । यस सम्बन्धी थप जानकारी NAS 10 "Events after reporting date" भनी बुँदा नं ५.४ मा प्रस्तुत गरिएको छ ।

३ प्रमुख लेखा नीतिहरु

३.१ मापनको आधार

प्रस्तुत वित्तीय विवरण तल उल्लेखित अवस्थामा बाहेक ऐतिहासिक मूल्यका आधारमा तयार गरिएको छ ।

- ✓ अन्य व्यापारिक लगानी तथा लगानी सेक्युरिटिज (इक्वीटी शेयर) मा गरेको लगानीलाई NFRS 9 बमोजिम उचित मूल्यमा मापन गरिएको छ ।
- ✓ परिशोधित लागत (Amortized Cost) मा मापन गरेको वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वलाई करिबी प्रभावकारी व्याज दरको आधारमा मापन गरिएको छ ।

३.२ नगद र नगद समान

नगद तथा नगद समान अन्तर्गत नगद मौज्दात, बैंकमा तथा वित्तीय संस्थमा रहेको मौज्दात र माग, तिन महिना वा सोभन्दा कम अवधि भएका अत्याधिक तरल वित्तीय सम्पत्ति तथा अल्प सुचनामा प्राप्त हुने रकम पर्दछ । यस्ता नगद तथा नगद समानहरूको उचित मूल्यमा हुने परिवर्तनको जोखिम एकदमै कम हुन्छन् र सहकारीले यी सम्पत्तिहरूको प्रयोग अल्पकालिन प्रतिवद्धता पुरा गर्न गर्दछ ।

वित्तीय स्थितिको विवरणमा नगद तथा नगद समान परिषोधित लागत (Amortized Cost) मा मापन गरिएको छ ।

३.३ वित्तीय सम्पत्ति तथा वित्तीय दायित्व

क) प्रारम्भिक पहिचान तथा लेखाङ्कन

सहकारीले प्रारम्भिक रुपमा आफ्नो वित्तीय अवस्थाको विवरणमा वित्तीय सम्पत्ति वा दायित्वलाई तब मात्रै लेखाङ्कन गरिन्छ जब यो उपकरणको अनुबन्धन व्यवस्थाको पक्ष (Party to Contractual Provision) हुन्छ ।

सहकारीले सुरुमा ऋण र सापटी, निक्षेप र सहायक दायित्वहरू उनीहरूको उत्पत्ति भएको मितिमा लेखाङ्कन गर्दछ जुनबेला सहकारी उपकरणको अनुबन्धन व्यवस्थाको पक्ष बन्छ । ईक्विटी उपकरणमा लगानीलाई व्यापारको मितिमा लेखाङ्कन गरिन्छ । वित्तीय सम्पत्तिको नियमित हुने खरिद र विक्रीलाई चुक्ता हुने मितिमा लेखाङ्कन गरिन्छ ।





ख) वित्तीय सम्पत्तिको वर्गीकरण तथा तत्पश्चात्को मापन

वित्तीय सम्पत्ति तथा दायित्वको पहिचान भईसके पश्चात् सो को मापन उक्त वित्तीय उपकरणको वर्गीकरणले निर्क्योल गर्ने गर्दछ । सुरुवातमा पहिचान गर्दा वित्तीय सम्पत्तिलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छ :

- ✓ परिशोधित मूल्य (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति
- ✓ बजार मूल्यमा (Fair Value) मा मापन गरिएका वित्तीय सम्पत्ति

उक्त वर्गीकरण तथा तत्पश्चात्को मापन निम्न दुई मापदण्डहरुको आधारमा गरिन्छ :

- ✓ वित्तीय सम्पत्तिलाई व्यवस्थापन गर्न अपनाईएको व्यवसायिक मोडेल **(Business Model)**
- ✓ वित्तीय सम्पत्तिबाट प्राप्त हुने नगद प्रवाहको प्रकृति

३.३.१ परिशोधित मूल्य (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति

निम्न लिखित दुवै मापदण्डहरु पुरा हुँदाको अवस्थामा वित्तीय सम्पत्तिलाई परिशोधित मूल्यमा वर्गिकरण गरी मापन गरिन्छ ।

१. Business Model परिक्षण :

कुनै वित्तीय सम्पत्ति प्राप्ति गर्दा सो लाई पुरै करार अवधि सम्मै निसर्ग धारण गरी करार अनुसार नगद प्रवाह संकलन गर्ने उद्धेश्य भएको ।

२. नगद प्रवाहको प्रकृति र विशेषताको परिक्षण

सम्झौता गरिएको शर्त नामामा उल्लेख गरे बमोजिम तोकिएको मितिमा बाँकी रहेको साँवा तथा त्यसमा पाकेको ब्याजको भुक्तानीको लागि मात्र नगद प्रवाह हुने ।

यस परिक्षणको लागि ब्याज भन्नाले तोकिएको अवधिको वक्यौता साँवामा निहित Credit Risk र सो को Time Value of Money को लागि भुक्तानी हुने ब्याजलाई मात्र बुझिन्छ । Fair Value Through Profit or Loss (FVTPL) मा वर्गिकरण गरिएको बाहेक उपरोक्त दुवै मापदण्ड पुरा गर्ने सबै ऋणपत्र उपकरणहरु (Debt Instrument) प्रभावकारी ब्याज दर (Effective Interest Rate) को करिबी दर प्रयोग गरी परिषोधित मूल्यमा हानी घटाएर मापन गरिएको छ ।

Amortized Cost मा मापन भई Hedging को लागि प्रयोग नभएका वित्तीय सम्पत्ति निसर्ग हुँदा वा क्षिण हुँदा वा बजार मूल्यमा पुनर्वर्गीकृत हुँदा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाउने गरिएको छ ।





३.३.२ बजार मूल्यमा (Fair Value) मापन गरिएका वित्तीय सम्पत्ति

Amortized Cost मा मापन गरिएका बाहेकका वित्तीय सम्पत्तिहरु बजार मूल्यमा वर्गीकरण तथा मापन गरिन्छन् । बजार मूल्य भित्र निम्न दुई उपवर्ग रहेको छन् :

१. नाफ नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value Through Profit or Loss),

२. अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value Through Other Comprehensive Income)

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरुलाई उक्त सम्पत्ति प्राप्ति गर्दाको समयमा नै छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्धेश्यले प्राप्ति गरिएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरुको आवधिक मूल्याङ्कन गरिन्छ तथा यसरी मूल्याङ्कन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाईन्छ ।

३.३.३ अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिको ईक्विटी शेयरमा लगानी भई सिर्जीत वित्तीय सम्पत्ति (FVTOCI)

छोटो समयमा खरिद बिक्री गरी फाईदा आर्जन गर्ने उद्धेश्य राखी लगानी गरिएका बाहेक ईक्विटी शेयरमा गरिएका लगानीलाई अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिमा वर्गीकरण र मापन गरिएको छ । यो वर्गमा वर्गीकरण गर्दा सो निर्णय अपरिवर्तनीय हुने गर्छ । यो वर्गमा वर्गिकृत ईक्विटी शेयरमा लगानी भएको वित्तीय सम्पत्तिबाट आर्जन हुने लाभांश आम्दानी सो पाकेको वर्ष नाफा नोक्सान खातामा देखाउने गरिन्छ ।

यस्ता वित्तीय सम्पत्तिको आवधिक पुनरमूल्याङ्कन गर्दा बजार मूल्यमा भएको परिवर्तनले हुने फाईदा वा घाटालाई अन्य विस्तृत आयमा देखाई जेथा (Equity) मा भएको परिर्वतन सम्बन्धिको विवरणमा प्रस्तुत गर्ने गरिएको हुन्छ । उक्त वित्तीय सम्पत्ति निसर्ग गर्दा हुने सञ्चित नाफालाई Equity मा भएको परिर्वतन सम्बन्धिको विवरणबाट सोझै सञ्चित मुनाफामा रकामन्तर गरिन्छ, तथापि सञ्चित नाफा मध्ये विक्री/निसर्ग गरिएको आ.व. सँग सम्बन्धित नाफालाई उक्त आ.व को नाफा नोक्सान खातामा प्रस्तुत गरिएको छ ।

तथापी सो नाफाको कारणले उत्पन्न हुने कर्मचारी बोनस तथा करको खर्चलाई नाफा नोक्सान खातामा नै देखाईएको छ । अन्य विस्तृत आयमा बजार मूल्यमा समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सिर्जीत वित्तीय सम्पत्तिको थप विवरण बुँदा ५.१ मा प्रस्तुत गरिएको छ ।

ग) **वित्तीय दायित्वका दायित्वको वर्गीकरण तथा मापन**

NFRS 9 – "वित्तीय उपकरण" (Financial Instruments) अनुसार वित्तीय दायित्वलाई सोको वर्गीकरणका आधारमा मापन गर्ने गरिन्छ । वित्तीय दायित्वहरुलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छ:

- ✓ नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व
- ✓ Amortized Cost मा वर्गीकृत वित्तीय दायित्व

३.३.४ नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरुलाई उक्त दायित्व सृजना हुँदा छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले सृजित भएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरुको आवधिक मूल्याङ्कन गरिन्छ तथा यसरी मूल्याङ्कन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाइन्छ । प्रस्तुत वित्तीय प्रतिवेदनमा नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका कुनै पनि वित्तीय दायित्व रहेको छैन ।

३.३.५ Amortized Cost मा मापन गरिएका वित्तीय दायित्व

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व बाहेक अन्य सबै वित्तीय दायित्वलाई Amortized Cost मा वर्गिकृत गरिएको छ । शुरुवाती मापन पश्चात्त परिषेधित लागतमा लेखाङ्कन गरिएका वित्तीय दायित्वलाई करिबी प्रभावकारी व्याजदर को प्रयोगबाट मापन गरिएको छ । सो वित्तीय दायित्वको परिशोधन खर्च तथा दायित्व निसर्ग हुँदाको समयको फाईदा वा घाटालाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

घ) **वित्तीय सम्पत्ति तथा दायित्वको पूनरवर्गीकरण**

वित्तीय सम्पत्ति तथा दायित्वको पूनरवर्गीकरण व्यवस्थापनको छनौटमा उपकरण अनुसार फरक हुन सक्छ । वित्तीय सम्पत्तिको पूनरवर्गीकरण सो सम्पत्ति प्राप्त गर्दाको समयमा व्यवस्थापनले छनौट गरेको व्यावसायिक Model मा परिवर्तन भएको अवस्थामा मात्र गर्न सकिन्छ । NFRS 9 ले अन्य विस्तृत नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सृजित सम्पत्तिलाई पूनरवर्गीकरण गर्न बन्देज लगाएको छ ।

व्यवस्थापनको अवधारणामा कुनै वित्तीय सम्पत्ति वा दायित्वको पूनरवर्गीकरण गर्नु जरुरी देखिएमा यस्तो पूनरवर्गीकरणबाट लेखामा हुने प्रभाव तथा समायोजनहरु सो पूनरवर्गीकरणको मितिमा तथा सो मिति पश्चात मात्र लागू हुन्छ । सो मिति अघिका कुनै पनि वित्तीय विवरणलाई पूनरलेखन गरिँदैन ।





कुनै वित्तीय सम्पत्ति नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुनै प्रकृतिका वित्तीय सम्पत्ति वर्गमा पूनरवर्गीकरण गरिँदा सो गर्दाको मितिको बजार मूल्यमा मापन र लेखाङ्कन गरिन्छ । यसरी मापन गर्दा उक्त वित्तीय सम्पत्तिको पूनरवर्गीकरण हुनु अघिको किताबी मूल्य र पूनरवर्गीकरण गर्दाको बजार मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा समायोजन गरिन्छ ।

ङ) वित्तीय सम्पत्ति तथा दायित्वको निसर्ग

३.३.६ वित्तीय सम्पत्तिको निसर्ग

निम्न उल्लेखित कुनै पनि अवस्थामा संस्था को वित्तीय सम्पत्ति पुर्ण वा आंशिक रूपमा निसर्ग भएको स्थिति हुन आउँछ:

- ✓ सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार समाप्त हुँदा
- ✓ सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार हस्तान्तरण गरिएमा सो सँग जोडिएको सम्पूर्ण जोखिम तथा प्रतिफल पनि हस्तान्तरण हुँदा
- ✓ यसरी निसर्ग भएको वित्तीय सम्पत्ति निसर्ग हुँदा रहेको किताबी मूल्य र सो निसर्गबाट प्राप्त जम्मा मूल्य तथा सो सँग सम्बन्धित अन्य विस्तृत नाफा नोक्सान खातामा रहेको सञ्चित फाईदा वा घाटाको योगमा फरक भएमा सो फरक रकमलाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

३.३.७ वित्तीय दायित्वको निसर्ग

कुनै वित्तीय दायित्वसँग जोडिएको दायित्वहरु समाप्त भएको अवस्थामा सो दायित्व निसर्ग भएको मानिन्छ । यसरी निसर्ग हुँदा उक्त वित्तीय दायित्वको किताबी मूल्य र निसर्ग हुँदा तिरेको मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

च) वित्तीय सम्पत्ति तथा दायित्वको फेयर भ्यालु निर्धारण

तरल बजारमा कारोवार हुने वित्तीय उपकरण (डेरिभेटिभ उपकरण सहित) को फेयर भ्यालु वासालातको मितिको बिड (Bid) अथवा प्रस्तावित अन्तिम मूल्य (Closing Price) हो । सक्रिय बजार नहुने वित्तीय उपकरणहरुको फेयर भ्यालु विभिन्न मूल्य निर्धारण विधिहरु (गणितीय विधि) प्रयोग गरी निर्धारण गरिन्छ । यो विधिहरुलाई चाहिने निवेशहरु (inputs) सम्भव भएसम्म अवलोकन गर्न सकिने बजार तथ्याङ्कबाट लिइन्छ । फेयर भ्यालु विभिन्न मूल्य निर्धारण विधिहरुको प्रयोग गरी मापन गरिन्छ । यस प्रकृया अर्न्तगत भविष्यमा अपेक्षित नगद प्रवाह निर्धारण गर्ने र वासालात मितिसम्म "डिस्काउन्ट"(छुट) गर्नु पर्दछ । यी उपकरणहरुको लागि अनुमान गरिएको भविष्यमा अपेक्षित नगद प्रवाह मार्केट(बजार) तथ्याङ्को धारणा (assumption) मा भर पर्दछ । त्यसैले फेयर भ्यालुको अनुमान फरक पर्ने हुँदा बजारबाट प्राप्त (realizable) नहुन सक्दछ । विभिन्न बजार धारणाहरु (assumptions) अन्तर्गत मानहरु पनि महत्वपूर्ण रुपले (significantly) फरक पर्न सक्दछ ।

संस्थाले निम्न फेयर भ्यालु पदानुक्रम अनुसार फेयर भ्यालु मापन गरेको छ । यसले मापन गर्न प्रयोग हुने निवेश (inputs) को महत्वलाई झल्काउँदछ ।

स्तर-१:- समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मूल्यहरु (Unadjusted)।

स्तर-२:- अवलोकन योग्य निवेशहरु (observable inputs) को आधारमा या त सिधै (मूल्यको रुपमा) वा अप्रत्यक्ष रुपमा (मूल्यबाट प्राप्त) मूल्य निर्धारण विधि । यस वर्ग अन्तर्गत उपकरणहरुको मूल्य निम्न तरिकाहरु प्रयोग गरी निर्धारण गरिन्छ -

(क) समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मूल्य वा

(ख) सक्रिय बजार भन्दा कम मानिने बजारहरुमा समान उपकरणका लागि उद्धृत मूल्य वा

(ग) अन्य मूल्य निर्धारण विधिहरु जहाँ सबै महत्पूर्ण निवेशहरु (inputs) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा बजार तथ्याङ्कबाट निरीक्षण गर्न सकिन्छ ।

स्तर-३:- निरीक्षण गर्न नसकिने महत्वपूर्ण निवेशहरु (signficant unobservable inputs) प्रयोग गरिने मूल्य निर्धारण विधि । यस वर्ग अर्न्तगत समान उपकरणहरुको उद्धृत मूल्यलाई आधार मानी मूल्य निर्धारण गरिने उपकरणहरु पर्दछन् । यसरी मूल्याङ्कन गर्दा महत्वपूर्ण निरीक्षण गर्न नसकिने समायोजन (significant unobservable adjustments) वा धारणाहरु (assumptions) तय गर्न आवश्यक पर्दछ ।

संलग्न वित्तीय प्रतिवेदनमा भएका सम्पत्ति तथा दायित्वको बजार मूल्यको निर्क्योल गर्न अपनाइएको पद्धतिको बारे थप जानकारी बुँदा नं. ५.१ मा प्रस्तुत गरिएको छ ।

छ) वित्तीय सम्पत्तिमा हुने नोक्सानी

संस्थाले वित्तीय विवरण बनाउँदा कुनै पनि वित्तीय सम्पत्तिमा नोक्सान भए नभएको बारे प्रमाण सहित आंकलन गर्ने गरेको हुन्छ । उक्त प्रमाणले त्यस्तो सम्पत्तिबाट भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई नकारात्मक असर गरेको दर्शाएमा सो वित्तीय सम्पत्ति नोक्सान भएको ठहर गरी त्यसमा नोक्सानी व्यवस्था गर्ने गरिएको हुन्छ ।

यस्तो नोक्सानी रहेको छ भन्ने अवस्थाको उजागर कुनै एक प्रमाणबाट मात्र नभई प्रमाणहरुको सामुहिक आंकलनबाट पनि गर्नुपर्ने हुन्छ । यस्तो नोक्सानी व्यवस्था उजागर गर्ने केही प्रमाणहरु यस प्रकार रहेका छन्:

- ✓ खराब वित्तीय अवस्था
- ✓ सम्झौताका शर्तहरुको उल्लङ्घन गरेको जस्तै ब्याज तथा साँवा भुक्तानीमा अनियमितता
- ✓ ऋणी टाट पल्टिन सक्ने सम्भावना रहेका
- ✓ वत्तीय सम्पत्तिबाट सुरुवातमा भविष्यमा प्राप्त हुन सक्ने भनी आंकलन गरिएको नगद प्रवाह भन्दा हाल गरिएको आंकलन कम भएमा

३.४.८.१ नोक्सानी व्यवस्था/नोक्सानी व्यवस्था फिर्ता तथा अपलेखन

वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था मापन गर्दाको किताबी मूल्य तथा सो सम्पत्तिबाट भविष्यमा प्राप्त हुन सक्ने भनि आंकलन गरिएको नगद प्रवाहलाई उक्त सम्पत्तिको पहिलो पटक पहिचान र लेखाङ्कन गर्दा प्रयोग गरिएको समायोजित ब्याज दरले **Discounting** गर्दा हुनआउने रकम बीचको फरकलाई जनाईन्छ। यस्तो नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च जनाइन्छ र वित्तीय सम्पत्तिको किताबी मूल्यबाट उक्त नोक्सानी बराबरको रकम घटाएर प्रस्तुत गरिन्छ।

नोक्सानी व्यवस्था गर्नु पर्ने भनी उजागर गर्ने प्रमाणहरुले दर्शाएको अवस्थामा सुधार हुँदा सो सम्पत्तिमा पहिले गरिएको नोक्सानी व्यवस्थालाई फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाइन्छ तथा यसरी पहिले गरिएको नोक्सानी व्यवस्थाबाट फिर्ता गर्दा सो सम्पत्तिको किताबी मूल्यलाई फिर्ता भए बराबरको रकमले बढाएर देखाइन्छ।

३.४.८.२ एकल ऋर्णको नोक्सानी व्यवस्था

एकल रुपमा महत्वपूर्ण ऋणको नोक्सानी व्यवस्था गर्न निम्न आधारहरुलाई मध्यनजर गरिएको हुन्छ:

- ✓ सो एकल ग्राहक समूहमा प्रवाहित सम्पूर्ण ऋण रकम
- ✓ ग्राहकको व्यापारको सम्भाव्यता तथा ऋण भुक्तानी गर्न सक्ने क्षमता
- ✓ भुक्तानी तथा असुलीको अनुमानित रकम र भुक्तानी मिति
- ✓ धितोबाट उठ्न सक्ने अनुमानित रकम

३.४.८.३ सामुहिक ऋण नोक्सानी व्यवस्था

उस्तै प्रकृतिका ऋणहरुलाई समूहमा वर्गीकरण गरिन्छ। सामुहिक ऋण नोक्सानी व्यवस्थाको आंकलन साँख्यिकीय (Statistical) पद्धतिको माध्यमबाट गरिन्छ। यस्तो सामुहिक ऋणमा बिगतमा भएको नोक्सानी दरलाई "Net Flow Rate" विधिबाट निर्धारण गरिन्छ। यस विधि अनुसार विगतमा प्रवाहित ऋणहरुलाई समूह अनुसार भाखा नाघेको आधारमा विभिन्न अवधिमा वर्गीकरण गरी सो समूहको 'Default' को सम्भाव्यता अनुमान गरिन्छ। उक्त सम्भाव्यतालाई आवधिक रुपमा पूनरावलोकन गर्ने गरिन्छ।

३.४.८.४ पूनरसंरचना र पूनरतालिकीकरण भएका ऋणको नोक्सानी व्यवस्था

संस्थाले सम्भव भएसम्म ऋणको धितो अधिग्रहण गर्नु भन्दा सम्भाव्यताको आंकलन गरी त्यस्ता ऋणलाई पूनरतालिकीकरण अथवा पूनरसंरचना गरिएको हुन्छ। यसरी पूनरतालिकीकरण वा पूनरसंरचनाको लागि संस्था तथा ऋणी दुवै पक्ष सहमत भए पश्चात् सो ऋणमा गर्नु पर्ने ऋण नोक्सानी व्यवस्था सो ऋणको सुरुवातको समायोजित ब्याज दरकै आधारमा गरिन्छ। यसरी ऋण





नोक्सानी व्यवस्था गरे पश्चात सो ऋणलाई भाखा नाघेको ऋणको रुपमा गणना गरिँदैन । यस्ता ऋणलाई एकल रुपमा महत्वपूर्ण राख्ने वा सामुहिकृत ऋणमा वर्गीकरण गरी ऋण नोक्सानी व्यवस्थाको आंकलन गर्ने गरिन्छ ।

३.४.८.५ NFRS 9 - वित्तीय उपकरण - पहिचान, लेखाङ्कन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)

प्रस्तुत वित्तीय विवरण तयार गर्दा बुँदा २.१.२(क) मा प्रस्तुत गरिएको वैकल्पिक व्यवस्थाको उपयोग गरिएको छ । तदानुरुप, संस्थाले कर्जा लगानीमा रु. २४६,३६२,१४० कर्जा नोक्सानी व्यवस्था गरेको छ जुन NFRS 9 को para 63 अनुसार हुन आउने कर्जा व्यवस्थाभन्दा बढि हुने कुरामा संस्था विश्वस्त छ । उक्त बैकल्पिक व्यवस्था अनुसारको नोक्सानी व्यवस्थाको विवरण यस प्रकार रहेको छ ।

३.४.९ प्रचलित ब्याज दर भन्दा कममा कर्मचारीलाई प्रवाहित सापटी

संस्थाले आफ्ना कर्मचारीहरुलाई मानव संशाधन व्यवस्थापन नियमावलीको प्रावधान भित्र रही सहुलियत ब्याज दरमा ऋण सापटी प्रवाह गर्ने गरेको छैन । कर्मचारीबाट ऋण सापटीको भूक्तानीका लागि भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई सोही प्रकृतिका ऋणको बजारमा प्रचलित ब्याज दरले Discounting गरी सो ऋणको बजार मूल्य निर्धारण गर्न जरुरी छैन । सहुलियत ऋण सापटी प्रवाह भएको खण्डमा ऋणको शुरुवाती Transaction Price तथा उक्त बजार मूल्यको फरक कर्मचारी सुविधाको रुपमा र बाँकी रकमलाई वित्तीय सम्पत्तिको रुपमा Amortised Cost मा मापन गर्ने गरी लेखाङ्कन गरिएको छ ।

कर्मचारीलाई प्रवाहित ऋण सापटीसँग सम्बन्धित अग्रिम भुक्तानी भएको कर्मचारी सुविधालाई उक्त ऋण सापटीको अवधिमा परिशोधन गरी खर्च लेख्ने गरिन्छ । सो ऋणको बजार मूल्यमा समायोजित ब्याज दर अनुसार हुने ब्याज आम्दानीको फरकलाई परिशोधन खर्चको रुपमा उक्त अग्रिम भुक्तानी भएको कर्मचारी सुविधाबाट परिशोधन गर्दै लेखाङ्कन गरिएको छ ।

३.४.१० Amortized Cost को मापन

कुनै वित्तीय सम्पत्ति तथा दायित्वको **Amortized Cost** को रुपमा सो को सुरुवाती किताबी मूल्यमा साँवा भुक्तानीको रकम, संचित परिशोधन खर्च तथा संचित नोक्सानी व्यवस्थाको रकम समायोजन गरे पछिको रकमलाई जनाईन्छ ।

कुनै पनि वित्तीय सम्पत्तिबाट भविष्यमा प्राप्त हुने वा वित्तीय दायित्वको लागि भविष्यमा भुक्तानी हुने रकमलाई **Discount** गर्दा हुन आउने मूल्य सो वित्तीय सम्पत्ति तथा दायित्वको आजको किताबी मूल्य बराबर हुन्छ भने, यसरी भविष्यमा प्राप्त हुने वा भुक्तानी हुने रकमलाई **Discount** गर्न प्रयोग भएको उक्त ब्याज दरलाई समायोजित ब्याजदर भनिएको छ । संस्थाले समायोजित ब्याज दरका आधारमा वित्तीय सम्पत्ति तथा दायित्वको **Amortized Cost** मापन गर्ने गरेको छ ।

३.४ लगानी सम्पत्ति (Investment Properties)

एनएफआएस १६ (सम्पत्ति तथा उपकरण) बमोजिम वर्गीकरण गरिएको सम्पत्ति तथा उपकरण र एनएफआएस ५ (विक्रीका लागि उपलब्ध गैर अचल सम्पत्ति र बन्द गरिएको संचालन) बमोजिम वर्गीकरण गरिएको बाहेक जग्गा वा भवन वा दुबै लगानी सम्पत्ति हुन् । संस्थाले गैर बैंकिङ्ग सम्पत्तिको रुपमा प्राप्त गरेको जग्गा वा भवन वा दुबैलाई लगानी सम्पत्तिको रुपमा वर्गीकरण गरेको छ । संस्थाले लगानी सम्पत्तिलाई NAS 40 अनुसार ऐतिहासिक मुल्यमा लेखाङ्कन गर्ने नीति लिएको छ र उक्त लगानी सम्पत्ति अन्तर्गतको भवनको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयिकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

३.५ सम्पत्ति तथा उपकरण

सहकारीले **NAS 16 – "Property, Plant & Equipment"** को व्यवस्था अनुसार आफ्ना स्थिर सम्पत्ति र कार्यालय उपकरणहरुको पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ ।

संस्थालाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा अवश्यम्भावी आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ । संस्थाले NFRS 16 पट्टा (Lease) को प्रावधान अनुसार **आर.ओ.यू सम्पत्ति** लाई समेत सम्पत्ति तथा उपकरण अन्तर्गत नै प्रस्तुत गर्ने नीति लिएको छ ।

पहिचान भएका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागतलाई मापन गरी लेखाङ्कन गरिन्छ । लागत मापन गर्दा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरण प्राप्ति वा निर्माणका लागि भएका पूँजीकृत गर्न मिल्ने सबै खर्चलाई सो सम्पत्तिको लागतको रुपमा लेखाङ्कन गरिन्छ । उक्त प्रकृति बाहेकका अन्य खर्चहरुलाई खर्च भएकै अवधिमा प्रोदभावी आधारमा नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई "Cost Model" मा लेखाङ्कन तथा प्रस्तुत गर्ने संस्थाको लेखा नीति रहेकोछ । यस Model अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयिकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागी अनुमानित लागतः संस्थाल NFRS मा संक्रमणको मितिमा सम्पूर्ण स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई पूर्व GAAP बोक्ने मूल्यमा (Demeed Cost) मापन गर्न चयन गरेको छ र यसलाई नै अनुमानित लागतको रूपमा निर्धारण गरेको छ ।

संस्थाले आफ्नो निम्न स्थिर सम्पत्ति जग्गा र भवनको लागि पूनर्मूल्याङ्कन Model अपनाएको छ। यस बर्ष कुनैपनि सम्पतिमा पुनर्मूल्यांकन गरिएको छैन ।

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सो को प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आंकलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ। यसरी निसर्ग गरिँदा सोमा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ।

ह्रासकट्टी

संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगको लागि उपलब्ध भएपछि निसर्ग हुने समयसम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ। लिजहोल्ड सम्पत्ति र आर.ओ.यू सम्पत्ति बाहेक, संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको अनुमानित प्रयोग अवधिको आधारमा समदर ह्रासकट्टी प्रणाली (Straight Line Method) अनुसार ह्रासकट्टी गर्ने गरेको छ भने लिजहोल्ड र आर.ओ.यू सम्पत्तिलाई भने पट्टा अवधिमा अपलेखन हुने गरी परिशोधन नीति अपनाइएको छ । सहकारीका विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको अनुमानित उपयोग अवधि निम्न बमोजिम छ।

सम्पत्तिको प्रकृति	अनुमानित उपयोग अवधि
फर्निचर तथा फिक्स्चर	५ वर्ष

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण निसर्ग वा बिक्रीको लागि वर्गीकृत (Held for Sale) भएमा ह्रासकट्टी स्थगित गरिन्छ। यस्ता सम्पत्ति सक्रिय प्रयोगबाट निष्क्रिय नहुन्जेल, सोमा ह्रासकट्टी गरी राखिन्छ। ह्रासकट्टीको पद्दति, अनुमानित उपयोग अवधि तथा सो अवधि पश्चात बाँकी रहने मूल्य (Residual Value) को आवधिक रुपमा पूनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ।

सम्पत्तिको बाँकी रहने मूल्य, अनुमानित उपयोग अवधि तथा ह्रासकट्टीको विधिहरु समय सापेक्ष राख्न नियमित रुपमा पूनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ।

३.६ अदृश्य/अमूर्त सम्पत्ति

खरिद गरिएको कम्प्यूटर सफ्टवेयर लाइसेन्सहरुको खरिद गर्न र प्रयोग गर्न सकिने अवस्थामा ल्याउनको निम्ति लागेको लागतलाई पूँजीकृत गरिन्छ। कम्प्यूटर सफ्टवेयर लागतलाई अपेक्षित उपयोगी अवधिको आधारमा परिशोधन गरिन्छ। सफ्टवेयर चालु अवस्थामा राख्न लाग्ने रकमलाई खर्चको रूपमा मान्यता दिइन्छ।

सफ्टवेयरलाई प्रयोगको लागि उपलब्ध मिति देखि समादर विधिमा, अनुमानित उपयोगी अवधिमा नाफा वा नोक्सान हिसाबमा यसको परिशोधन गरिन्छ ।

अभौतिक सम्पत्ति बिक्री गरिएमा अथवा सोको उपयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था भएमा सोको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी अभौतिक सम्पत्ति निसर्ग गरिँदा सो मा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

३.७ आयकर

संस्थाले आयकर लेखाङ्कन **NAS 12 – Income Tax** को प्रावधान बमोजिम गर्ने गरेको छ । आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ ।

क) चालु कर

चालु कर भनेको यस वर्षको नाफा वा नोक्सानमा हुने अपेक्षित तिर्नु पर्ने वा पाउनु पर्ने करको रकम हो जुन रिर्पोटिङ्ग मितिमा लागू गरिएको वा ठोस रूपमा लागु गरिएको करका दरहरू प्रयोग गरी गणना गरिन्छ ।

ख) स्थगन कर

आर्थिक वर्षको अन्त्य मितिमा कर आधार र किताबी मूल्यको अस्थायी भिन्नताहरुमा स्थगन कर पहिचान गरिन्छ । स्थगन कर आर्थिक वर्षको अन्त्य मितिमा संस्थामा लागू हुने त्यो दर प्रयोग गरी निर्धारण गरिन्छ जुन सम्बन्धित स्थगन आय कर सम्पत्ति प्राप्त हुँदा वा स्थगन आयकर दायित्व समाप्त हुँदा लागू हुने अपेक्षा गरिएको हुन्छ । स्थगन कर सम्पत्तिहरू तब मात्र मापन गरिन्छ जब भविष्यमा अस्थायी भिन्नताहरूको अन्त्य गर्न करयोग्य मुनाफा उपलब्ध हुनेछ भनी अपेक्षा गर्न सकिन्छ ।

३.८ पट्टा दायित्व

संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाङ्कन NFRS 16 – Lease को प्रावधान बमोजिम गरेको छ । NFRS 16 अनुसार पट्टालाई सम्झौताको रुपमा परिभाषित गरिएको छ जस अनुसार कुनै पहिचान गरिएको सम्पत्ति कुनै मूल्यको बदलामा केही समय अवधिको लागि नियन्त्रण गर्ने अधिकार उक्त सम्झौताले प्रदान गर्छ । NFRS 16 अनुसार छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टा तथा अंतर्निहित सम्पत्ति कम मूल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखाङ्कन पट्टा अवधि भर समदर (Straight Line Basis) गणना विधि अनुसार गरिएको छ भने अन्य पट्टाहरुको हकमा भने आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको रुपमा लेखाङ्कन गर्ने गरेको छ । यसरी पहिचान भएको आर.ओ.यू सम्पत्तिलाई सम्पत्ति अन्तर्गत प्रस्तुत गरी ह्रासकट्टी गरिएको छ भने पट्टा दायित्वमा लाग्ने वित्तीय खर्चलाई ब्याज खर्चमा देखाइएको छ ।

पहिचान

पट्टको प्रारम्भिक मितिमा संस्थाले आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्दछ। **NFRS 16** अनुसार पट्टामा लिने संस्थाले तल उल्लेखित पट्टाहरुको सन्दर्भमा छुटको सुविधा लिएको बाहेक अन्य सबै पट्टाहरुको लागि पट्टा अवधि भरी आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्नुपर्छ।

छुटको सुविधा लिन सकिने पट्टाहरु

- ✓ छोटो अवधि (१२ महिना भन्दा कम) वा
- ✓ अंतर्निहित सम्पत्तिको मूल्य कम भएको

छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टामा तिरेको भुक्तानीलाई सिधै अन्य सञ्चालन खर्च अन्तर्गत प्रस्तुत गरिएको छ।

प्रारम्भिक मापन

पट्टा दायित्वको मापन

प्रारम्भिक मितिमा बाँकी रहेको पट्टा अवधि भरी भुक्तानी गर्नुपर्ने पट्टा रकमलाई पट्टमा निहित दर वा पट्टेदारको वृद्धिशील उधार दरले वर्तमान मूल्यमा मापन गर्नुपर्छ।

संस्थाले पट्ट्दारको वृद्धिशील उधार दर १० प्रतिशत को दरले पट्टा दायित्वको मापन गरेको छ।

आर.ओ.यू सम्पत्ति

आर.ओ.यू सम्पत्तिलाई शुरुमा लागतमा लेखाङ्कन गरिन्छ। आर.ओ.यू सम्पत्तिको लागतमा निम्न रकमहरु जोडिएका हुन्छन्।

- आर.ओ.यू सम्पत्ति = प्रारम्भिक प्रत्यक्ष लागत + NAS 37 अनुसार स्थापित गर्न, हटाउन वा पुनर्स्थापना गर्न लाग्ने अनुमानित लागत + प्रिपेड लिज भुक्तानी –प्राप्त पट्ट प्रोत्साहन

पछिको मापन (Subsequent Measurement)

आर.ओ.यू सम्पत्ति

प्रारम्भिक मिति पश्चात्त, आर.ओ.यू सम्पत्तिलाई NAS 16 अन्तर्गत पुनर्मूल्याङ्कन मोडल लागू नगरेको खण्डमा लागत मोडलमा मापन गरिन्छ।

लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई त्यसको लागतमा संचित ह्रासकट्टि र संचित हानी नोक्सानी घटाई धारा ३४.३ मा निर्दिष्ट गरिएको पट्टा दायित्वको पुन मापन बापतको रकम समायोजन गरी देखाउने गरेको छ। संस्थाले लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई NAS 16 सम्पत्ति तथा उपकरणको प्रावधान अनुसार नै ह्रासकट्टिको लेखाङ्कन गर्ने गरिएको छ।

पट्टा दायित्व

पट्टा दायित्वलाई अन्य वित्तीय दायित्व सरह (जस्तै परिशोधित लागतको आधारमा) नै लेखाङ्कन गर्ने गरिन्छ। पट्टा दायित्वलाई प्रारम्भिक मिति पश्चात्त निम्न हिसाबले मापन गरिन्छ :

- ✓ पट्टा दायित्वमा प्रतिविम्वित हुने ब्याज खर्चले वृद्धि गर्ने
- ✓ पट्टा दायित्वको भुक्तानीलाई प्रतिविम्वित गर्ने रकमले कम गर्ने र
- ✓ कुनै प्रकारको पुनर्मूल्याङ्कन वा पट्टा संशोधन वा संशोधित फिक्स्ड लिज भुक्तानीको प्रतिविम्वित गर्ने खालको पुनः निर्धारित रकम

खर्चको पहिचान र मापन

पट्टामा लिने पक्षले पट्टासँग सम्बन्धित निम्न खर्चहरुको पहिचान गर्ने गर्दछ।

- ✓ आर.ओ.यू सम्पत्तिको ह्रासकट्टि
- ✓ पट्टा दायित्वमा ब्याज खर्च
- ✓ आर.ओ.यू सम्पत्तिको हानी
- ✓ परिर्वतनशिल पट्टा भुक्तानी रकम जुन पट्टा दायित्वमा समावेश गरिएको थिएन।

आर.ओ.यू सम्पत्तिको ह्रासकट्टि खर्च र हानीलाई नाफा नोक्सान विवरणको ह्रास कट्टि र परिशोधन खर्च अन्तर्गत प्रस्तुत गरिएको छ भने पट्टा दायित्वमा ब्याज खर्चलाई नाफा नोक्सान विवरणमा प्रस्तुत गरिएको छ।

३.९ सम्भावित दायित्वहरु

संस्थाले सम्भावित दायित्वहरुको पहिचान तथा लेखाङ्कन **NAS 37 – Provisions, Contingent Liabilities & Contingent Assets** को प्रावधान बमोजिम गर्ने गरेको छ। सम्भावित दायित्वहरुमा देहाय बमोजिमका विषयहरु समावेश गरिएका छन्:





विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता सम्भावित दायित्वहरु जसको अस्तित्व संस्थाको नियन्त्रण भन्दा बाहिर रहेका भविष्यका एक वा एकभन्दा बढि अनिश्चित घटनाक्रमहरुले निक्यौंल गर्दछ ।

विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएका दायित्वहरु

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको

संस्थाको जानकारीमा आएको सम्पूर्ण सारभूत (Material) दायित्वको लागि पर्याप्त व्यवस्था गरिएको छ । सारभूत दायित्वको भविष्यमा उत्पन्न हुने परिणाम मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको खण्डमा त्यस्ता दायित्वलाई सम्भावित दायित्व अन्तर्गत देखाइन्छ ।

३.१० आयको पहिचान

अन्यथा उल्लेख भएकोमा बाहेक, संस्थाले आम्दानीलाई NFRS 15 – "Revenue from Contracts with Customers" को प्रावधान बमोजिम पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ ।

३.१०.१ ब्याज आम्दानी

ब्याज आम्दानीमा ऋण लगानी, नाफा-नोक्सानको माध्यमबाट Fair Value मा मापन गरिएका बाहेकका सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, बैंक तथा वित्तीय संस्थामा रहेको नगद, कर्मचारीलाई प्रदान गरेको ऋण सापटीमा प्राप्त ब्याज रकमहरु समावेश हुन्छ । यसरी ब्याज आम्दानी जनाउँदा संस्थाले माथि उल्लेखित बुंदा २.१.२ को (ख) अनुसार वैकल्पिक व्यवस्थालाई अवलम्बन गरेको छ ।

संस्थाले धितोको "खुद प्राप्ति मूल्य" जतिसुकै भए पनि उक्त ऋणमा उठ्नु पर्ने साँवा तथा ब्याज १२ महिना भन्दा बढी बक्यौता रहेको अवस्थामा, उपरोक्त ब्याजलाई ब्याज आम्दानी जनाउने गरेको छैन ।

ब्याज आम्दानीको थप विवरण बुँदा नम्बर २४ मा प्रस्तुत गरिएको छ ।

३.१०.२ शुल्क तथा कमिशन आम्दानी

ऋण सेवाबाट प्राप्त हुने शुल्क तथा कमिशन, ऋण नवीकरण वा स्वीकृत भएपश्चात आम्दानीमा लेखाङ्कन गरिन्छ । ऋण सम्बन्धी अन्य सहायक सेवा तथा सदस्यलाई प्रदान गरिने अन्य सेवा सुविधा वापत प्राप्त हुने अन्य सबै शुल्कहरु सेवा प्रदान गरे पश्चात आम्दानीमा लेखाङ्कन गरिन्छ । यस सम्बन्धमा संस्थाले बुँदा २.१.२ (ख)मा उल्लेखित वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ ।

३.१०.३ लाभांश आम्दानी

संस्थालाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखाङ्कन गरिन्छ ।

बासिन्दा कम्पनीले घोषणा गरेको नगद लाभांशलाई श्रोतमा करकट्टी गरिए पश्चात् बाँकी रहेको खुद रकमका आधारमा लेखाङ्कन गरिन्छ ।

३.१०.४ खुद व्यापारिक आम्दानी

संस्थाले व्यापारिक लगानी तथा दायित्वमा हुने ब्याज, लाभांश, तथा बजार मूल्यको उतारचढावले हुने आम्दानी वा खर्चलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरेको छ । हाल संस्था कुनै प्रकारको खुद व्यापारिक आम्दानी भने रहेको छैन ।

३.१०.५ अन्य सञ्चालन आम्दानी

ब्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी तथा व्यापारिक आम्दानी अन्तर्गत देखाइएका बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शिर्षक अन्तर्गत देखाइएको छ । विदेशी मुद्रा विनिमय दरमा भएको घटबढको कारणले हुने फाईदा वा घाटा, Equity शेयरमा भएको लगानीबाट हुने लाभांश आम्दानी, स्थिर सम्पत्ति तथा कार्यालय उपकरण वा लगानीको उद्देश्य भएका स्थिर सम्पत्तिको निसर्गबाट हुने आम्दानी आदिलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

३.११ खर्चको लेखाङ्कन

३.११.१ ब्याज खर्च

सदस्यहरुको निक्षेप खाता, संस्थाले प्राप्त गरेको अन्य सापटी र पट्टा दायित्वको ब्याजलाई पाकेको आधारमा (Accrual Accounting) लेखाङ्कन गरिन्छ । प्रभावकारी ब्याज दरको करिबी दर प्रयोग गरी ब्याज खर्च लेखाङ्कन गरिन्छ ।

३.११.२ कर्मचारी खर्च

कर्मचारी खर्चको पहिचान, मापन तथा लेखाङ्कनको लागि संस्थाले NAS 19 – "Employee Benefits" को प्रावधान बमोजिम गरेको छ ।संस्थाले कर्मचारी हरूबाट प्राप्त गरेको सेवा बापत बेहोर्नुपर्ने सबै किसिमका व्यायलाई कर्मचारी खर्च मानेको छ। यस सम्बन्धी थप जानकारी बुँदा नम्बर ३० मा प्रस्तुत गरिएको छ ।

क) **अल्पकालीन कर्मचारी खर्चहहरु**

ज्याला, तलब, भत्ता, बिदा बापतको रकम भुक्तानी तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र भुक्तानी गरिने त्यस्ता सुविधाहरु (सवारी साधन सुविधा, सहुलियतपूर्ण ऋण) अल्पकालीन कर्मचारी खर्चहरुमा पर्दछन् । अल्पकालीन कर्मचारी खर्चको लेखाङ्कन कर्मचारीले सेवा प्रदान गरे पश्चात् वा सेवा प्रदान गरेको कारण क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सिर्जना भए पश्चात गरिन्छ ।

अल्पकालीन कर्मचारी खर्चलाई Discount नगरी मापन गरिन्छ र सेवा प्रदान गरेको बखतनै खर्च जनाइन्छ ।

ख) **रोजगार पछिको सुविधा**

NAS 19 (कर्मचारी सुविधा अनुसार परिभाषित योगदान योजना रोजगार पछि प्राप्त हुने लाभ योजना हो जसमा संस्थाले निश्चित रकम छुट्टै बैंक खाता/कोषमा योगदान गर्दछ र यदि कर्मचारीहरुको वर्तमान तथा पूर्व सेवा वापतको सम्पूर्ण कर्मचारी लाभ भुक्तानी गर्न यथेष्ट सम्पत्ति नभएको खण्डमा कुनै कानुनी र निर्मित दायित्व आउँदैन ।

परिभाषित योगदान योजनामा कर्मचारीले संस्थालाई दिएको सेवाको अनुपातमा रोजगारदाताले तिर्नु पर्ने योगदानलाई कर्मचारी खर्च भनेर **Due** भएको दिन खर्चमा लेखाङ्कन गरिन्छ । तिर्न बाँकी योगदानलाई दायित्वको रुपमा अन्य दायित्वमा देखाइन्छ । संस्थाले प्रशिक्षण अवधि पूरा भएका प्रत्येक कर्मचारीको तलबको २० प्रतिशत सामाजिक सुरक्षा कोषमा जम्मा गरेको छ । माथि उल्लेखित खर्चहरु NAS 19 बमोजिम परिभाषित योगदान योजना अन्तर्गत योगदान गरिएको भनेर पहिचान गरिएको छ ।

परिभाषित लाभ योजना भनेको परिभाषित योगदान योजना बाहेकका अन्य रोजगार पछिको सेवा सुविधा हो । यसर्थ NAS 19 बमोजिम कर्मचारी उपदानलाई परिभाषित लाभ योजना मानिएको छ । संस्थाले आफ्नो सबै कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा सुचिकृत गराई सकेको हुनाले कर्मचारी उपदान बापतको सेवा सुविधा रहेको छैन ।

३.११.३ पट्टा खर्च

संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाङ्कन NFRS 16 – Lease को प्रावधान बमोजिम गरेको छ । जस अनुसार छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टा तथा अंतर्निहित सम्पत्ति कम मूल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखाङ्कन पट्टा अवधि भर समदर (Straight Line Basis) गणना विधि अनुसार गरिएको छ भने अन्य पट्टाहरुको हकमा भने आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको रुपमा लेखाङ्कन गर्ने गरेकोछ । यसरी पहिचान भएको आर.ओ(यू सम्पत्तिलाई सम्पत्ति तथा उपकरण अन्तर्गत प्रस्तुत गरी ह्रासकट्टी काटिएको छ भने पट्टा दायित्वमा लाग्ने वित्तीय खर्चलाई ब्याज खर्चमा देखाइएको छ ।

३.१२ शेयर पूँजी

शेयर पूँजीलाई चुक्ता मूल्यमा लेखाङ्कन गरिन्छ । शेयर सदस्यहरुलाई वार्षिक साधारण सभामा मत राख्न सक्ने र पारित लाभांश पाउने अधिकार हुन्छ । संस्थाको साधारण शेयर बाहेक अन्य कुनै प्रकृतिका शेयर रहेको छैन ।

३.१३ कोषहरु

कोष अन्तर्गत साधारण जगेडा कोष, संरक्षित पुजी कोष, सहकारी प्रवर्द्धन कोष, सदस्य शिक्षा कोष, शेयर लाभांश कोष, कर्मचारी बोनस कोष, सहकारी विकास कोष, घाटापूर्ति कोष, सामुदायिक विकास कोष, स्थिरीकरण कोष, अन्य जोखिम व्यवस्थापन (डुबन्त ऋण) कोष, सदस्य सुरक्षा कोष र NFRS समायोजन कोष पर्दछन् ।

NFRS समायोजन कोष

संस्थाले NFRS बमोजिमको लेखानीति अपनाएर वित्तीय विवरण बनाउने क्रममा यसअघिको लेखानीतिको तुलनामा भएको परिवर्तन र सो कारण सम्पत्ति तथा दायित्वको मूल्याङ्नमा देखिने भिन्नतालाई यस NFRS समायोजन कोष अन्तर्गत प्रस्तुत गर्ने नीति लिएको छ ।

साधारण जगेडा कोष

सरकारी ऐन २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संस्थाले आर्थिक वर्षको खुदनाफा रकम को कम्तीमा २५% रकम साधारण जगेडा कोषमा बाँडफाँड गर्नुपर्ने प्रावधान छ तर संस्थाले NFRS कार्यान्वयन पश्चात खुद नाफाबाट नियमकीय कोषबाटमा बाँडफाँड पछिको रकमको कम्तीमा २५% साधारण जगेडा कोषमा सार्ने नीति लिएको छ ।

संरक्षित पूँजी फिर्ता कोष

सहकारी ऐन २०७४ को दफा ६९ बमोजिम साधारण जगेडा कोषमा जम्मा गरेपश्चात को खुदनाफा रकमको २५% रकम संरक्षित पुँजी फिर्ता कोषमा बाँडफाड गर्नुपर्ने प्रावधान छ । तर संस्थाले NFRS कार्यान्वयन पश्चात खुदनाफाबाट नियमकीय कोष र साधारण जगेडा कोषमा बाँडफाड पछिको रकमको २५% संरक्षित पूँजी फिर्ता कोषमा सार्ने नीति लिएको छ ।

सहकारी प्रर्वद्धन कोष

सहकारी ऐन २०७४ को दफा ७० बमोजिम साधारण झगडा कोषमा जम्मा गरेपश्चातको खुदनाफा रकमको ०.५% रकम सहकारी प्रबन्धन कोषमा बाँडफाँड गर्नुपर्ने प्रावधान छ। तर संस्थाले NFRS कार्यान्वयन पश्चात खुदनाफाबाट नियमकीय कोष र साधारण जगेडा कोष र संरक्षित पूँजी फिर्ता कोष मा बाँडफाड पछिको रकम को ०.५% कोसहकारी प्रर्वद्धन कोषमा सार्ने नीति लिएको छ ।

अन्य कोष

संस्थाको विनियम अनुसार संस्थाले विभिन्न उद्देश्य हासिल गर्न का निमित्त स्वतन्त्र कोषहरू खडा गरेको छ। यसको थप जानकारी नाफाको बाँडफाँड हिसावमा उल्लेखित गरिएको छ ।

३.१४ प्रतिशेयर आम्दानी

संस्थाले आफ्नो साधारण सेयर को लागि आधारभूत प्रतिसेयर आम्दानी तथ्याङ्कलाई प्रस्तुत गर्दछ। आधारभूत Eps साधारण सेयर धनीहरूको लागि हुने नाफा अथवा नोक्सानलाई सो अवधिको अन्त्यमा रहेको भारित औसत सेयर धनीका संख्याले विभाजन गरी गणना गरिन्छ ।

३.१५ नगद प्रवाह विवरण

संस्थाले नगद प्रवाह विवरण NAS 07 Statement of Cash Flow को Indirect Method अनुसार तयार गरेको छ। नगद मौजातमा भएको उतारचढावलाई यस विवरणले चित्रण गरेको छ।

३.१६ प्रस्तावित लाभांश

साधारण सभाबाट पारित भएपछि मात्र साधारण सदस्यमा दिइएको लाभांशलाई दायित्व लेखाङ्कन गरिन्छ र इक्विटीबाट घटाइन्छ । आन्तरिक लाभंश घोषणापछि संस्थाको अधिकारमा नरहे पश्चात इक्विटीबाट घटाइन्छ। रिपोर्टिङ मितिपछि पारित यस वर्षको लाभंशलाई रिपोर्टिङ मिति पश्चात्को घटना भनेर देखाइन्छ ।

३.१७ तुलनात्मक रकम

यस वर्षको वित्तीय विवरणमा आवश्यकता अनुसार तुलनात्मक रकमहरू पूर्ण वर्गीकरण गरिएका छन् ।

आ.व. २०८३ को PEARLS तालिका

PEARLS मुख्य क्षेत्र	मुख्य सूचकहरू	मापदण्ड	आ.व. २०८२ (गत वर्ष)	आ.व. २०८३ (यस वर्ष)	वित्तीय प्रवृत्ति (Trend) र विश्लेषण
P - Protection	खराब ऋण (खराब श्रेणी) सुरक्षा कोष	१००.००%	१००.००%	१००.००%	स्थिर र सुरक्षित
E - Financial Structure	कूल सम्पत्तिमा बचतको हिस्सा	७०% - ८०%	७५.२३%	७६.५८%	सकारात्मक
	कूल सम्पत्तिमा ऋण लगानीको हिस्सा	७०% - ८०%	८०.६९%	७०.८८%	घट्दो
	कूल सम्पत्तिमा जगेडा कोषको हिस्सा	न्यूनतम १०%	८.९६%	८.९९%	स्थिर तथा मापदण्ड भन्दा कम
A - Asset Quality	कूल ऋणमा निष्कृय ऋण (NPL)	५% भन्दा कम		४.८२%	सन्तोषजनक
	कूल सम्पत्तिमा अनुत्पादक सम्पत्ति	५% भन्दा कम	०.२१%	०.१२%	सुधारोन्मुख
R - Rates of Return	ऋण लगानीमा ब्याज आम्दानी दर	-	११.३४%	१०.६४%	घट्दो
	बचतमा ब्याज खर्च दर	-	४.५९%	४.१३%	सकारात्मक
L - Liquidity	कूल सम्पत्तिमा नगद/बैंकको हिस्सा	१५% - २०%	१८.९८%	२८.९०%	अधिक तरलता
S - Signs of Growth	वार्षिक कूल सम्पत्ति वृद्धि दर	> मुद्रास्फीति	-	६.१४%	सन्तोषजनक
	वार्षिक बचत वृद्धि दर	-	-	८.०४%	राम्रो
	वार्षिक ऋण लगानी वृद्धि दर	-	-	-६.७६%	चुनौतीपूर्ण

भावपूर्ण श्रद्धाञ्जली !

यस संस्थाका सेयर सदस्यद्वय **सुशीलदास मानन्धर**को मिति २०८२ श्रावण १३ गतेका दिन ६५ वर्षको उमेरमा र **सर्जूकुमार श्रेष्ठ**को मिति २०८२ मंसिर २१ गतेका दिन ५३ वर्षको उमेरमा तथा सेयर सदस्य श्री मनोज लम्सालकी धर्मपत्नी **सबिता आचार्य लम्साल**को मिति २०८२ पौष २० गतेका दिन ४१ वर्षको उमेरमा भएको असामयिक निधनले संस्था परिवारलाई स्तब्ध बनाएको छ । संस्थाको तर्फबाट स्वर्गीय आत्माहरूको चीरशान्तिको कामना गर्दै **भावपूर्ण श्रद्धाञ्जली** अर्पण गर्दछौं । साथै सम्पूर्ण शोकसन्तप्त परिवारजन एवम् आफन्तजनहरूमा गहिरो समवेदना प्रकट गर्दछौं ।



स्व. सुशीलदास मानन्धर

जन्म २०१६/१२/२५

मृत्यु २०८२/०४/१३



स्व. सर्जुकुमार श्रेष्ठ

जन्म २०२८/११/१३

मृत्यु २०८२/०८/२१



स्व. सबिता आचार्य लम्साल

जन्म २०४१/०४/२४

मृत्यु २०८२/०९/२०

नेपाल टेलिकमका कर्मचारीहरूद्वारा सञ्चालित

धनसार बचत तथा ऋण सहकारी संस्था लिमिटेड

Dhansar Saving and Credit Cooperative Ltd.

का.म.पा.-११, भद्रकालीप्लाजा, काठमाडौं, फोन नं.: +९७७-१४७९१७२२,

Email: dhansarsaccos@gmail.com, Website: www.dhansar.coop.np

संस्थामा रहेका कार्यविधिहरू

१. कर्मचारी सेवा कार्यविधि
२. आर्थिक प्रशासन कार्यविधि
३. सेयर सदस्यता तथा कोषको उपयोग कार्यविधि
४. बचत संकलन कार्यविधि
५. ऋण लगानी कार्यविधि
६. शिक्षा उपसमितिको कार्यसञ्चालन कार्यविधि
७. कागज धुल्याउने सम्बन्धी कार्यविधि
८. आतिरिक्त क्रियाकलाप सञ्चालन कार्यविधि
९. सदस्य कल्याणकारी कोष सञ्चालन कार्यविधि
१०. सम्पति शुद्धीकरण निवारण आन्तरिक कार्यविधि
११. निर्वाचन कार्यविधि
१२. संरक्षित पुँजी फिर्ता कोष कार्यविधि
१३. सूचना प्रविधि सम्बन्धी कार्यविधि

बचतको ब्याजदर		ऋणको ब्याजदर	
आवधिक बचत			
६ महिना बचत	४%	साधारण ऋण	९.२५%
१ वर्ष	४.७५%	हायर पर्चेज ऋण	८.००%
२ वर्ष	५.२५%	अल्पकालिन ऋण	९.५०%
नियमित बचत	३.२५%	व्यापार ऋण	८.००%
विशेष/साधारण बचत	२.९%	घरजग्गा ऋण	८.००%
बाल बचत	४.०%	उपचार ऋण	७.००%
		व्यक्तिगत ऋण ९०%	५.५७%
		शैक्षिक ऋण अल्पकालीन	९.००%
		शैक्षिक ऋण दीर्घकालीन	८.००%
		सामूहिक जमानी ऋण	९.५०%

राय, सुझाव र टिप्पणी

राय, सुझाव र टिप्पणी